# वार्षिक प्रतिवेदन, २०८०।०८१

## आ.व २०८०।०८१ मा उर्लाबारी नगरपालिकाबाट भए गरेका कार्यसम्पादनको मिति २०८१ असोज १४ र १५ गते भएको वार्षिक प्रगती प्रस्तुतिकरण तथा समिक्षाका आधारमा तयार गरिएको ।

**प्रतिवेदन पेश गरेको मितिः २०८१ साल असोज २२ गते मंगलबार**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## उर्लाबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङ ।

उर्लाबारी नगरपालिकाको गत आब २०८०।०८१ मा बार्षिक योजना तथा कार्यक्रम अन्तरगत वास्तविक रुपमा क्रियान्वयन भएका योजना तथा कार्यक्रमहरुको बारेमा मिति २०८१।०६।१४ र १५ गते नगरपालिकाको सभाहलमा नगरपालिकाका नगरप्रमुख श्री गंगा प्रसाद खरेलको अध्यक्षता तथा नगर उपप्रमुख मिना कुमारी खतिवडाको विशेष आतिथ्यतामा सुरु भएको थियो । सम्पुर्ण शाखा तथा उपशाखा प्रमुखहरु र अन्य कर्मचारी र पालिका भित्रका विभिन्न संघ संस्थाका महानुभावहरुको प्रत्यक्ष उपस्थिती रहेको उक्त कार्यक्रम बिहान ७ बजेदेखि सुरु भएको थियो । कार्यक्रमको उदघोषकको रुपमा प्रशासन उपशाखा प्रमुख भरत अधिकारीले संचालन गर्नुभएको उक्त कार्यक्रममा देहायबमोजिमका शाखा तथा उपशाखाहरुले आआफ्नो शाखाको गत आबमा संचालन तथा भए गरेका गतिविधीको प्रस्तावित लक्ष्य उपलब्धी चुनौती र तथा समाधानका उपायको विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

## उर्लाबारी नगरपालिकाको दिगो विकासको स्थानीयकरणमा भएका प्रयास तथा निरन्तरता

वर्तमान विश्व विकासका साझा अभियान र साझा कार्ययोजनाका साथ अघि बढिरहेको छ। दिगो विकास लक्ष्य यस्तै साझा प्रयास र प्रतिबद्धताको अवधारणा हो। भावी पुस्ताका आवश्यकताको उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने गरी वर्तमान समयका आवश्यकता परिपूर्ति गर्ने विकासको साझा प्रयास नै दिगो विकास हो। दिगो विकासको अवधारणाले प्राकृतिक स्रोत, साधन, वातावरण, जनसङ्ख्या र विकास गतिविधिबीचको उचित एवं सन्तुलित तालमेलमा जोड दिने गर्छ। यसले आर्थिक सामाजिक र वातावरणीय विकासबीच सन्तुलनको माग गर्छ। यसमा पनि सामाजिक र वातावरणीय विकास बहन गर्न सक्ने; वातावरणीय र आर्थिक विकास सम्भावनायुक्त तथा सामाजिक र आर्थिक विकास समतामूलक हुनुपर्ने कुरामा जोड दिन्छ।

उर्लाबारी नगरपालिकाको दिगो विकास लक्ष्यको सफल कार्यान्वयनका लागि यहाँको स्थानीय सरकार निजी क्षेत्र विकास साझेदार सामुदायिक संस्था सबैको समान र अर्थपूर्ण सहभागिता रहनु आवश्यक हुन्छ। पालिकाको अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा रहेको सहकारी क्षेत्रले दिगो विकास लक्ष्य प्राप्तिमा सकारात्मक योगदान दिन सक्ने भएकोले यसमा सहकारी अभियानको सार्थक सहभागिताको आवश्यकता पर्छ।

नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने लक्ष्य प्राप्तिको लागि सहकारी उद्यम विकासमार्फत उत्पादनशील रोजगारी सिर्जना गर्ने, स्थानीय सम्भावना, स्रोत उपयोगमार्फत आय सिर्जना गर्ने, उत्पादनको प्रशोधन, बजारीकरणमार्फत मूल्य शृङ्खला विकास गर्ने, सामाजिक पुँजी निर्माणमार्फत वञ्चितीकरण न्यूनीकरण गर्ने, सामाजिक चासो र आवश्यकताप्रतिको जागरण, उद्यमशील संस्कृति विकास गर्ने, बजार पहुँच विकास गर्ने कार्यमार्फत योगदान दिन सक्छ।यसका लागि आब २०८०।०८१ को बार्षिक बजेटमा नै दिगो विकासको लक्ष्यको स्थानीयकरण गरेर सोहि अनुरुप प्रगती हासील गर्ने प्रयत्न गरिएको थियो । शिक्षा स्वास्थ्य रोजगार जस्ता आधारभुत आबश्यकताको परिपुर्तिको लागि चौमासिक रुपमा लक्ष्य नै किटान गरेर सुत्र प्रणालीमार्फत प्रतिवेदन हुने व्यवस्था मिलाइएको थियो ।

नगरक्षेत्रको भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवद्र्धन गर्ने लक्ष्यमा सहकारी खेती प्रवद्र्धन, व्यावसायिक उत्पादन, कृषि सामग्री व्यवस्थापन, मूल्य शृङ्खलाका विविध आयाममा संलग्नता, खानपान व्यवहार परिवर्तन ज्ञान, सीप र प्रविधि विकासमार्फत खेतीपाती सुधार, वित्तीय पहुँच मार्फत साना उत्पादक र व्यक्तिलाई लगानी अवसर जुटाइदिने गरि बार्षिक बजेट तथा कार्यक्रममा योजना तयार

गरिएको थियो । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवद्र्धन गर्ने लक्ष्यमा सहकारी क्षेत्रले सहकारी स्वास्थ्य सेवा, साझा स्वास्थ्य सेवा, स्वास्थ्य शिविर सञ्चालन, जोखिमयुक्त खानपान, व्यवहार र जीवनशैली विरुद्धको चेतना विस्तार, स्वास्थ्य बीमा सञ्चालन, सरसफाइ चेतना, अभियान र फोहरमैला व्यवस्थापनमा सहयोग गर्न सक्छ भन्ने मान्यतालाइ आत्मासात गर्दै स्वास्थ्य शाखाबाट शिबिर संचालन तथा दैनान्दिन प्रयोगमा आउने आनीबानी परिवर्तनको लागि सचेतना अभियान संचालन गरिएको थियो । शिक्षा शाखाको योजनाहरुमा नै दिगो विकासको लक्ष्यको स्थानीयकरण गरि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवद्र्धन गर्ने कार्यमा शिक्षालय तथा शैक्षिक प्रतिष्ठान सञ्चालन, सीपसहितको शिक्षाका शिविर सञ्चालन, शिक्षा र सीप भएकाका लागि कर्जा सहुलियत, सदस्य परिवारमा शैक्षिक कर्जा र लगानी कार्यक्रममार्फत शैक्षिक विकासमा योगदान दिने अभियानको थालनी भएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा मार्फत संचालन हुने कार्यक्रममा लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकालाई सशक्त बनाउने कार्यमा रोजगारी तथा जीवन निर्वाहका अवसर विस्तार, सङ्गठित हुने अवसरमार्फत स्वरोजगारी सिर्जना, विभिन्न तहमा महिला सहभागिता विस्तार, महिला नेतृत्व विकास, महिला केन्द्रित व्यवसायमार्फत महिला विकास र सशक्तीकरणको कार्यक्रम सञ्चालन, सामाजिक जिम्मेवारीमार्फत कुप्रथा हटाउन र संस्कार परिवर्तन गर्न विभिन्न टोल तथा वडाहरुमा गठन तथा संचालन भएका समुह तथा सहकारी क्षेत्रले महत्वपुर्ण भूमिका निर्वाह गरेका छन ।

उर्लाबारी खानेपानी व्यवस्थापन तथा संचालन निर्देशक समितिको मातहतमा हुने गरि नगरभरी संचालित खानेपानीको योजनामार्फत सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कार्यमा पानीका स्रोतको संरक्षण, खानेपानी कार्यक्रम सञ्चालन, व्यवस्थापन, पानीको जोहो गर्ने आनीबानी विकास, पुनर्प्रयोज्य वस्तुहरूको व्यवस्थित उपयोग र विसर्जन, एक घर एक बिरुवा अभियानमार्फत योगदान गरिदै आएको छ । यसैगरी नगरक्षेत्रको उज्यालो विस्तार तथा विकासका लागि बार्षिक बजेटमा नै व्यवस्था गरि कार्यक्रमहरु संचालन गरिदै आइएको छ ।

यसरी नगरपालिकाले आर्थिक सामाजिक नीति र स्थानीय स्तरका आयोजनालगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्ने भन्ने मान्यतालाइ समेत आत्मसात गर्दै योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना कोशी प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गरेर योजना तर्जुमा गर्ने प्रयासको थालनी गरिएको छ ।

## कार्यकारी शारांश

उर्लाबारी नगरपालिकाको आ.ब. २०८०/०८१ मा पालिका तथा यसका मातहतका कार्यालय तथा इकाइहरुले बार्षिक बजेट तथा कार्यक्रम सम्पादन गर्ने क्रममा गरिएका क्रियाकलाप तथा उपलब्धीको फेहरिस्ता प्रस्तुत गर्ने मनाशायले चालु आ.ब.को पहिलो चौमासिकमा नै सम्पादन गर्ने गरि बार्षिक समिक्षा आयोजना भएको थियो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को उपदफा ६ अनुसार अगिल्लो आबको बार्षिक बजेट कार्यन्वयन प्रगती समिक्षा चालु आबको पहिलो चौमासिक भित्र नै गर्नुपर्ने व्यवस्था भएको ,स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधीमा समेत अगिल्लो आबको बार्षिक समिक्षा गर्नुपर्ने व्यवस्था रहेको ,संघ र प्रदेशलाइ सोको विवरण पठाउनुपर्ने व्यवस्था रहेको , सुशासन ऐन २०६४ को दफा ४१ मा आर्थिक बर्ष समाप्त भएको मितिले तोकिएको अवधीभित्र आफुले आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेकाले मिती २०८१/०६/१४ र १५ गते पालिकाको कार्यापालिकाको हलमा वार्षिक समिक्षा गोष्ठी संचालन भएको थियो । मुख्यता शाखाहरुले तलका विषयमाहरुमा केन्द्रित रहेर आफ्नो प्रस्तुतिकरण दिएका थिए ।

प्रस्तुतिकरणका विषयवस्तुहरु

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती

- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

शाखाका प्रमुख कार्यहरु

पालिकाले आफ्नो संगठन तथा सर्वेक्षण प्रतिवेदनमा विभिन्न शाखाहरुको कार्यविवरणमा तोकेबमोजिम तथा अगिल्लो आबको बार्षिक बजेट किताबमा रहेका क्रियाकलापहरु नै शाखाहरुको प्रमुख कार्य रहेको व्यहोरा पेश भएको थियो ।चालुतर्फ रु ५६,९१,५५,७१९ र पुजिगततर्फ रु ६६,४१,४३,२८३ गरि जम्मा रु 1,२३,३२,९९,००२ विनियोजन भएकोमा जम्मा रु ९१,२८,५०,०१०७३. (७४०१.%) खर्च भएको थियो ।

प्रमुख नीतिगत तथा कानुनी व्यवस्थाहरु

पालिकाले आफ्नो नीति तथा कार्यक्रममा भएका प्रावधानहरुको कार्यन्वयन गर्ने क्रममा मुलत संघ प्रदेश र नगरपालिकाले तयार गरेका मौजुदा कानुनी व्यवस्थाको परिपालना गरेको पाइन्छ । सार्वजनिक खरिद ऐन तथा सोको नियमावली यसैगरी आर्थिक कार्यवीधी तथा वित्तिय उत्तरदायित्व ऐन र सोको नियमावलीको अधिनमा रहि कार्यक्रम सम्पादन गरेका थिए भने विषयगत शाखाहरुले कार्यक्रमसँग सम्बन्धित ऐन नियम कार्यविधी तथा मापदन्डको परिपालना गरि कार्यसम्पादन गरेका थिए । स्वच्छ समृद्ध तथा समतामुलक उर्लाबारीको सपना पुरा गर्ने ध्येयका साथ सम्पादन गरिएका कार्यक्रमहरुलाइ उक्त कानुनी प्रावधानहरुले मार्गनिर्देशित गरेका थिए ।

वार्षिक कार्यक्रमको प्रगती

सबै शाखा तथा वडा कार्यालयहरु यसैगरी मातहतका निकायहरुले अगिल्लो आबमा देहाय बमोजिमको वित्तिय प्रगती क्षेत्रगत रुपमा हासिल गरेका थिए भने कार्यक्रमको प्रस्तावना तयार गर्दा प्रक्षेपण गरेको लक्ष्यहरु भौतिक प्रगतीको रुपमा हासिल गरेको पाइन्छ

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | वित्तिय प्रगति (%) |
|---|---|---|---|---|
| | | रकम | रकम | |
| १ | आर्थिक विकास | ७,५९,७७,६२५.०० | ५,४७,२८,३२९.८० | ७२.०३ |
| २ | सामाजिक विकास | ४०,८९,९९,८५०.०० | ३३,२४,८२,५४१.७५ | ८१.२९ |
| ३ | पूर्वाधार विकास | ५२,७०,९८,३०८.०० | ३४,६८,४८,५०१.०० | ६५.८० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६,३५,६८,०९६.०० | ४,७४,८५,८७२.८० | ७४.७० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,७६,५५,१२३.०० | १३,१३,०४,७६५.३८ | ८३.२९ |

प्रमुख कार्य तथा उपलब्धीहरु

उर्लाबारी नगरपालिकाले गत सालको बजेट कार्यन्वयन गर्ने क्रममा स्थानीय सरकार संचालन ऐनको पालना गरि तथा वित्तिय जोखिम र अनुशासन बिचको सम्बन्धलाइ

कायम गर्दै पालिकाले आफै गरेको स्वमुल्यांकन र मुल्यांकनमा मोरङ जिल्ला भरिउत्कृष्ट पालिकाको रुपमा आफुलाइ उभ्याएको थियो । स्थानीय तह स्वमुल्यांकनमा 80.84 अंक र स्थानीय तह वित्तिय जोखिम मुल्यांकनमा 75.अंक 50 प्राप्त गरेको अवस्था थियो ।यसैगरी राष्ट्रिय योजना आयोग तथा वित्त आयोगबाट भएको मुल्यांकनमा समेत कार्यसम्पादन प्रगती उच्च रहेको पालिकामा आफुलाइ दर्ज गराएको थियो।

## प्रमुख समस्या तथा चुनौतिहरु

पालिकाले बार्षिक बजेट कार्यन्वयनको क्रममा भोगेका तथा अनुभुत गरेको आधारमा देहायका बिषयवस्तुहरुलाइ प्रमुख समस्या तथा चुनौतिको रुपमा अभिलेखांकित गरेको थियो ।

- दरबन्दी अनुसारको कर्मचारी नहुने
- जनआंकाक्षा तथा पालिकाको इच्छा पूर्तिको लागि साधन र श्रोतको उच्चतम तथा आदर्शतम प्रयोग गर्नुपर्ने अवस्था
- प्रभावकारी सेवा प्रदान गर्ने क्रममा प्रविधीयुक्त तथा सेवाग्राही मैत्री माध्यमको प्रयोग गर्नुपर्ने अवस्था
- विपद तथा आकस्मिक रुपमा आउने घटनाको सामनाको लागि तयारी प्रतिकार्य र व्यवस्थापन गर्नुपर्ने बाध्यता
- दिगो आर्थिक वृद्धि गरि उर्लाबारीलाइ स्वच्छ समृद्ध तथा समतामुलक पालिका बनाउनै पर्ने अवस्था

### समाधानका उपायहरु

माथी उल्लेखित समस्या तथा चुनौतिको सामना गर्दै बार्षिक नीति तथा कार्यक्रमको अक्षरश कार्यन्वयनकोलागि देहायबमोजिमको सुझाब तथा तरिकाहरु पेश भएका थिए

- मानव श्रोत व्यवस्थापन
- आवधिक योजना मध्यमकालिन खर्च संरचना र वार्षिक योजना बिचको तादाम्यता
- दिगो विपद व्यवस्थापन कार्यनीतिको कार्यन्वयन
- सेवा प्रवाहमा अधिकतम सुधार र सहजिकरण गरि बढि से बढी जनताको पहुँचगम्यता कायम गर्ने गरि प्रविधिको प्रयोग

यसरी बार्षिक रुपमा सम्पादन गरेका कार्यहरुको वारेमा विस्तृत छलफल तथा छलफलको क्रममा उठेका टिप्पणीलाइ अभिलेखांकन गर्दै प्रतिवेदनमा समावेश गरि आगामी दिनमा थप प्रभावकारी ढंगले कार्यसम्पादन गर्ने गराउने भनि संचालन भएको उक्त समिक्षा गोष्ठीले पालिकालाइ मार्गदर्शन प्रदान गरेको थियो। उक्त मार्गदर्शन तथा जनप्रतिनिधीबाट प्राप्त सुझाब र निर्देशनलाइ शिरोपर गर्दा अपनाउनुपर्ने कानुनी व्यवस्थाको अधिनमा रहि चालु आबमा पनि नियमित ढंगले समिक्षा गर्ने र पालिकाको ध्येयलाइ परिपुर्ति तर्फ अगाडी बढाउने भन्ने निष्कर्ष समिक्षा गोष्ठीको रहेको थियो

समिक्षा गोष्ठीको उदेश्यहरु

- उर्लाबारी नगरपालिका भित्रका विभिन्न शाखा तथा उपशाखाको अगिल्लो आबको प्रगतिको तुलनात्मक विश्लेषण गर्ने।
- कार्यक्रम संचालनमा देखिएका कमि कमजोरी पहिचान गर्ने र सुधार गर्नु पर्ने पक्षहरु पत्ता लगाई लक्ष्य प्राप्ती सम्म पुग्ने मार्ग पहिचान गर्ने।
- संचालित कार्यक्रमले सम्बन्धित क्षेत्रका बासिन्दा र विशेष गरी महिला तथा बञ्चितीमा परेका समुदायहरुलाई उपलब्ध विकास र सेवाको उपभोगको अवस्था, उनिहरुले सेवा उपभोग गर्न भोग्नु परेका बाधा अवरोधहरु पत्तालगाई संबोधनका लागि रणनीति तयार
- गर्ने।
- पालिकाको समग्र योजना तर्जुमाका लागि प्राथमिकता क्षेत्र पहिचान गरी कार्य योजना तयार गर्ने।




## तथ्यांकमा उर्लाबारी नगरपालिका

वडा संख्या: ९

कुल घर धुरि संख्या: १७,६५०

पुरुष संख्या: ३३,३५६

महिला संख्या: ३७,५५२

जम्मा जनसंख्या: ७०,९०८

*(श्रोत: राष्ट्रिय जनगणना २०७८)*

## सांगठनिक व्यवस्थाः

उर्लाबारी नगरपालिकाको बार्हौ नगरसभाबाट पारित संगठन तथा संरचना प्रतिवेदन यसप्रकार रहेको छ । नगरपालिकाको आन्तरिक आय तथा कार्यबोझलाइ समेत दृष्टिगत गरेर तयार गरिएको संगठन तथा संरचना प्रतिवेदनको शारांश यसप्रकार छ ।

**उर्लाबारी नगरपालिका, मोरङ, नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना**



# आर्थिक प्रशासन शाखा तर्फः

कार्यक्रमको सुरुवातमा आर्थिक प्रशासन शाखाको तर्फबाट शाखा प्रमुख गोविन्द कार्कीले गत आ.व. मा उर्लाबारी नगरपालिकाको आय तथा व्ययको बारेमा प्रस्तुतिकरण दिनुभएको थियो । जम्मा बिभिन्न तहगत सरकारबाट प्राप्त आय पालिकाको आन्तरिक आय तथा कोषको विनियोजन र खर्च (सोको प्रतिशत) को सम्बन्धमा जानकारी प्रदान गर्नु भएको थियो । यसैगरी क्षेत्रगत बजेट विनियोजन र सोको खर्च प्रतिशत लगायतका विविध आर्थिक पक्षलाइ समावेश गरेर उहाँले प्रस्तुतिकरण दिनुभएको थियो ।

# चालु तथा पुजिगत बजेट तथा खर्चको सारांश

| बजेट | | खर्च | |
|---|---|---|---|
| जम्मा बजेट | | १,२३,३२,९९,००२ | |
| जम्मा खर्च | | ९१,२८,५०,०१०.७३ (७४.०१%) | |
| चालु | पुजिगत | चालु | पुजिगत |
| ५६,९१,५५,७१९ | ६६,४१,४३,२८३ | ४६,६३,४२,०१२.१८ | ४४,६५,०७,९९८.५५ |
| खर्च प्रतिशत | | ८१.९४ | ६७.२३ |

**नगरपालिकाको कुल बजेट** रु १,२३,३२,९९,००२ भएकोमा रु ९१,२८,५०,०१०.७३ (७४.०१%) खर्च भएको थियो भने चालु तर्फ कुल चालु तर्फको विनियोजित बजेटको ८१.९४ प्रतिशत र पुजिगत तर्फ उक्त क्षेत्रमा विनियोजन भएको बजेटको ६७.२३ प्रतिशत खर्च भएको थियो । अनिवार्य रुपमा खर्च हुने कार्यालयको संचालन तथा प्रशासनिक खर्चका कारण चालु खर्चमा यसरी पुजिगत खर्चको तुलनामा बढि प्रतिशत खर्च भएको थियो भने समयमा नै योजनाको संझौता तथा कार्यान्वयन हुन नसक्दा पुजिगत खर्च चालु खर्चको तुलनामा कम प्रतिशत भएको पाउन सकिन्छ ।

माथि उल्लेखित पालिकाको चालु तथा पुजिगत खर्चको मात्रात्मक स्थितिलाइ यसप्रकार स्तम्भ चित्रमा देखाउन सकिन्छ ।



# आन्तरिक आय तर्फ

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ७ |
| १ | ११३१३ | सम्पती कर | ४९,००,०००.०० | ५७,५१,४८१.३७ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ९७,००,०००.०० | ५८,६२,१२३.३९ |
| ३ | ११३१७ | वहाल कर | ५७,००,०००.०० | ६७,३४,५३३.०१ |
| ४ | ११३१८ | वहाल विटौरी कर | १९,००,०००.०० | ८,८०,९८५.१० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १,६६,०००.०० | १,१३,७००.०० |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २७,००,०००.०० | ०.०० |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | १९,०००.०० | ४७,५००.०० |

बहाल बिटौरी कर अनुमान गरेभन्दा कम मात्रामा उठन गएको थियो भने पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर ठेक्का नलागेको कारण सोचे अनुरुप संकलन गर्न सकिएन । यसका अलावा अन्य करहरु भने आशातित मात्रामा संकलन भएका छन ।

# आन्तरिक आय तर्फ

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|---|
| ८ | ११६९१ | अन्य कर | १५,०००.०० | ५,२७,३५५.०० |
| ९ | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ३,८२,४१९.०० |
| १० | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४,२०,०००.०० | ०.०० |
| ११ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २५,०००.०० | ०.०० |
| १२ | १४२१८ | विद्युत सेवा शुल्क | ६,९९९.०० | ४,४२०.०० |
| १३ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १५,०००.०० | ५०,८८,७११.३० |
| १४ | १४२२१ | न्यायिक दस्तूर | २,९५,०००.०० | २४,९००.०० |
| १५ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ०.०० | ३००.०० |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७,००,०००.०० | २७,७६,०७८.०३ |
| १७ | १४२४२ | नक्सापास दस्तुर | ४९,००,०००.०० | ४३,२५,४२६.३९ |
| १८ | १४२४३ | सिफारिश दस्तुर | ८४,००,०००.०० | १,१३,५२,५९०.३० |

अन्य संस्थागत आन्तरिक अनुदानमा अनुमान गरेभन्दा शत प्रतिशत बढी रकम संकलन हुनमा सुरुवाती प्रविष्टीकर्ताको गलत प्रविष्टीको कारण यस्तो भएको थियो । सरकारी सम्पतीको बहालबाट प्राप्त आय र अन्य बिक्रीबाट प्राप्त आयको अनुमानको तुलनामा संकलन शुन्य प्रतिशत हुनाको कारण प्रक्षेपणको क्रममा भएको अध्ययनको अभाव रहेको थियो ।

# आन्तरिक आय तर्फ

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|---|
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६,७५,000.00 | ८,0६,९९६.00 |
| २0 | १४२४५ | नाता प्रमाणित दस्तुर | ४,२0,000.00 | ३,८९,९२0.00 |
| २१ | १४२४९ | अन्य दस्तुर | ५५,00,000.00 | ७५,१८,१९६.७४ |
| २२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९,९0,000.00 | ७,९४,६0३.00 |
| २३ | १४२६५ | अन्य क्षेत्रको आय | २,४0,000.00 | 0.00 |
| २४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १.00 | १,२३,६७४.00 |
| २५ | १४४२१ | पूँजीगत हस्तान्तरण | ८0,00,000.00 | ४७,५0,000.00 |
| २६ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ७0,000.00 | ३,९0,0४६.९0 |
| २७ | १४५२९ | अन्य राजस्व | ३५,000.00 | १,२00.00 |
| २८ | १४६११ | व्यवसाय कर | ९२,00,000.00 | १,0१,५९,१६५.४0 |
| २९ | [illegible] | [illegible] | ४,[illegible] | ३,[illegible] |

अन्य क्षेत्रको आय रु. २४0000.0 अनुमान भएकोमा रकम संकलन हुन सकेन भने प्रशासनिक दण्ड जरिवाना र जफतमा अनुमान नै नगरिएतापनी रु. १२३६७४.0 संकलन भएको अवस्था छ । भने अन्य राजश्वमा अनुमान गरेभन्दा कम रकम मात्र संकलन भएको अवस्था छ ।

# आ.व.२०८०/०८१ र २०८१/०८२ को हाल सम्मको आय विवरण

| आम्दानी शिर्षक | २०८०/०८१ | | २०८१/०८२ हाल सम्मको | |
|---|---|---|---|---|
| | अनुमान | यथार्थ | बार्षिक अनुमान | यथार्थ |
| संघिय सरकार तर्फ | **७४,९१,१०,०००.००** | **५८,२८,६१,१८६.००** | **६६,६९,२६,५००.००** | |
| समानिकरण अनुदान | १५,६५,००,०००.०० | १४,५५,४५,०००.०० | १६,२१,००,०००.०० | |
| सशर्त अनुदान चालु | २६,९५,०२,०००.०० | २२,५०,१७,५९७.०० | २५,८७,२६,५००.०० | |
| सशर्त अनुदान पुंजिगत | २९,३१,०८,०००.०० | १८,७६,३८,५२६.०० | २०,११,००,०००.०० | |
| विशेष अनुदान | २,००,००,०००.०० | १,८१,७४,८६५.०० | ३,००,००,०००.०० | |
| समपुरक अनुदान | १,००,००,०००.०० | ६४,८५,१९८.०० | १,५०,००,०००.०० | |
| अन्य अनुदान | ०.०० | ०.०० | ०.०० | |
| प्रदेश सरकार तर्फ | **२,८९,७४,०००.००** | **२,२१,३६,५७४.००** | **४,०७,५६,०००.००** | |
| समानिकरण अनुदान | १,००,९९,०००.०० | १,००,९९,०००.०० | १,०३,१८,०००.०० | |
| सशर्त अनुदान चालु | २९,७५,०००.०० | २६,३१,८२६.०० | ३०,३८,०००.०० | |
| सशर्त अनुदान पुंजिगत | २९,००,०००.०० | २८,१९,६५७.०० | १,४४,००,०००.०० | |

क्रमशः

| आम्दानी शिर्षक | २०८०/०८१ | | २०८१/०८२ हाल सम्मको | |
|---|---|---|---|---|
| | अनुमान | यथार्थ | बार्षिक अनुमान | यथार्थ |
| समपुरक अनुदान | १,३०,००,०००.०० | ६५,८६,०९१.०० | १,३०,००,०००.०० | |
| अन्य अनुदान | ०.०० | ०.०० | ०.०० | |
| राजश्व बाँडफाँड | | | | |
| संघिय सरकार तर्फ | १०,३९,२२,८५०.०० | ६,६४,२८,४२७.९१ | १२,१५,००,०००.०० | |
| प्रदेश सरकार तर्फ | ९२,९४,०००.०० | ९५,६४,६४८.९१ | ९७,७५,०००.०० | |
| राजश्व बाँडफाँड स्थानिय | ६,६५,९७,५१०.०० | ५,५६,१९,९७७.५९ | ५,०३,७०,०००.०० | |
| आन्तरिक श्रोत | ६,५६,०७,०००.०० | ६,९१,५२,०४६.८८ | ८,२१,७८,०००.०० | |
| गतको बैंक मौंज्दात | १९,०७,९३,६४२.०० | १६,५१,७२,०८७.५२ | १२,५३,८०,०९६.०० | ९,७२,०९,९७८.८१ |
| जनसहभागीता | १,९०,००,०००.०० | ९२,७२,२६९.०२ | १,९०,००,०००.०० | |

# क्षेत्रगत बजेट विनियोजन तथा खर्च

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | वित्तिय प्रगति (%) |
|---|---|---|---|---|
| | | रकम | रकम | |
| १ | आर्थिक विकास | ७,५९,७७,६२५.०० | ५,४७,२८,३२९.८० | ७२.०३ |
| २ | सामाजिक विकास | ४०,८९,९९,८५०.०० | ३३,२४,८२,५४१.७५ | ८१.२९ |
| ३ | पूर्वाधार विकास | ५२,७०,९८,३०८.०० | ३४,६८,४८,५०१.०० | ६५.८० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६,३५,६८,०९६.०० | ४,७४,८५,८७२.८० | ७४.७० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,७६,५५,१२३.०० | १३,१३,०४,७६५.३८ | ८३.२९ |

उर्लाबारी नगरपालिकाको विनियोजित बजेट मध्ये सबैभन्दा बढी रकम कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा खर्च भएको थियो भने सबैभन्दा कम रकम पुर्वाधार विकासमा खर्च भएको थियो । कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी रकम खर्च हुनुको कारण अनिवार्य दायित्व सृजना भएका कारण र पुर्वाधार विकासमा सबैभन्दा कम रकम खर्च हुनुको कारण वित्तिय प्रगती कम भएतापनी भौतिक प्रगती सकरात्मक नै रहेको पाउन सकिन्छ भने कार्यान्वयनको ढिलाइ तथा औचित्यतमा प्रश्न उठेका कारण कम खर्च भएको पाउन सकिन्छ ।

## धरौटीको विवरण

| शुरु मौज्दात | यो बर्ष थप | यो बर्ष फिर्ता | जम्मा बाँकी |
|---|---|---|---|
| २,३१,४५,१७४.६५ | ५५,६६,६७६.६३ | ८,६४,२५०.०० | २,७८,४७,६०१.२८ |

पालिकाको धरौटी विवरण अन्तरगत शुरु मौज्दात २३१४५१७४.६५ रहेकोमा यो बर्ष रु ५५६६६७६.६३ भएकोमा रु ८६४२५० फिर्ता भएको अवस्था छ भने रु २७८४७६०१.२८ मौज्दात बाँकी रहेको अवस्था छ ।

## कोषगत हिसाब विवरण

| कोष | आय | खर्च |
|---|---|---|
| प्रकोप व्यवस्थापन कोष | १,७९,३६,२३०.६३ | ६१,६१,७१७.६३ (३४.३५%) |
| मर्मत संभार कोष | १,९६,४६,००८.८० | १,०५,१४,७००.८०(५३.५२%) |

यसैगरी गत आ.ब.मा प्रकोप व्यवस्थापन कोषमा रु १७९३६२३०.६३ भएकोमा ३४.३५ प्रतिशत खर्च भएको अवस्था छ । यसैगरी मर्मत संभार कोष अन्तरगत रु १९६४६००८.८० विनियोजन भएकोमा ५३.५२ प्रतिशत खर्च भएको अवस्था छ।मर्मत संभार कोषलाइ सोको कार्यविधीको मर्मअनुसार प्रभावकारी कार्यन्वयनको लागि समयमा नै आबश्यकता र औचित्यताको पहिचान गरि प्याकेज बनाइ ठेक्का मार्फत मर्मत संभारको कार्य गर्न सुझाब सहितको व्यहोरा पेश गरिएको थियो ।

**योजना कार्यान्वयन तथा पूर्वाधार विकास तर्फः**

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.व.मा योजना तथा पुर्वाधारको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती योजना तथा अनुगमन उपशाखाका प्रमुख विकास दाहालबाट भयो ।

प्रस्तुतिका विषयहरुः

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# प्रमुख कार्यहरुको संक्षिप्त विवरणः

- नगर दररेट तयार गर्ने, स्वीकृतिका लागि पेश गर्ने ।
- वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतका योजनाहरुको वार्षिक कार्ययोजना तथा खरिद योजना तयार गरी स्वीकृत गराउने ।
- योजनाहरुको लागत अनुमान तयार गर्ने, ठेक्का आवह्वान गर्ने, योजनाहरु सम्झौता गर्ने, कार्यान्वयनमा समन्वय तथा अनुगमन गर्ने, मुल्याङ्कन गरी भुक्तानीका लागि पेश गर्ने ।
- योजना तथा कार्यक्रमहरुको प्रगति विवरण तयार गर्ने, तालुक निकायमा पेश गर्ने, योजना तथा कार्यक्रमहरु संचालनलाई थप व्यवस्थित वनाउन सुधारका सुझावहरु सिफारिस गर्ने
- तोकिएका अन्य कार्यहरु गर्ने ।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु:

- नेपालको संविधान
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- स्थानीय सरकार संचालन ऐन २०७४
- सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४
- उर्लाबारी नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना तथा वार्षिक नीति, बजेट तथा कार्यक्रम
- उर्लबारी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्याविधि २०७५, मर्मत संभार कोष संचालन सम्बन्धी कार्यविधि २०७५

# संरचनागत व्यवस्थाः

- पूर्वाधार विकास समिति
- वन, वातावरण तथा विपद् व्यवस्थापन समिति
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
- बजेट तथा कार्यक्रम तर्जुमा समिति
- नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति
- वडा स्तरीय अनुगमन समितिहरु

# वार्षिक कार्यक्रमको प्रगति

पूर्वाधार विकास शिर्षकमा रु ९१५००००० /- (कुल विषयगत बजेटको ३५.९२ % बजेट विनियोजन भएकोमा कार्य संचालन प्रगति ९५ प्रतिशत भन्दा माथि रहेको)

| शिर्षक | आ.व २०८०।०८१ |
|---|---|
| कालोपत्रे (किलोमिटर) | ३.८४ |
| ग्राभेल (किलोमिटर) | १६.१० |
| ड्रेन (किलोमिटर) | ४.५७ |
| भवनहरुको थप कार्य, मर्मत संम्भार तथा व्यवस्थापन (संख्या) | ५१ |
| कल्भर्ट( संख्या) | ९ |
| पेभिङ्ग ब्लक | २.५८ |
| साईड बाल निर्माण | ४.९२ |
| तटबन्धन (संख्या) | १३ |

# प्रमुख कार्य तथा उपलब्धीहरु:-

- राष्ट्रिय योजना आयोगको Quality Literacy Project अन्तरगत रु १ करोड एकासी लाखको लागत खर्चमा २० वटा सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारहरुको सुधारको कार्य गरिएको ।
- विपन्न लक्षित खानेपानी जडान कार्यक्रम अन्तरगत ३७३ घरधुरीमा खानेपानीको धारा जडान गरिएको ।
- विश्व बैकको ऋण तथा नेपाल सरकारको अनुदानमा कृष्णचौक देखि सुनझोडा सामुदायिक वन सम्मको सडक स्तरोन्नतिको कार्य भई रहेको ।
- नगर गौरवको योजना अन्तरगत बक्राहा विष्णु गंगाघाट निर्माणको पहिलो चरणको निर्माण कार्य सम्पन्न भएको ।
- उज्यालो उर्लाबारी कार्यक्रम अन्तरगत सार्वजनिक स्थानका विभिन्न बाटाहरुमा उपभोक्ता समितिहरुको लागत साझेदारीमा सडक बत्ति जडान, मर्मत तथा महशुल कार्यलाई निरन्तरता दिदै आइएको ।
- वडा नं ८ मा आर्युवेदिक भवनको निर्माण कार्य सम्पन्न भई आफ्नै भवनबाट सेवा प्रवाहको थालनी भएको ।
- विपन्न जनता आवास कार्यक्रम अन्तरगत लक्षित विपन्नहरुका लागि ७ वटा आवास गृह निर्माण गरिएको ।

# प्रमुख समस्या तथा चुनौती:

- योजना शाखामा जनशक्तिको अभाव रहेको साथै तालिम र क्षमता विकासको पक्ष कमजोर रहेको ।
- ठेक्का प्रकृयामा जाने योजनाहरुलाई समयमा नै ठेक्का आब्हान गरी योजना कार्यान्वयन प्रकृयालाई अगाडी बढाउन नसकिएको ।
- योजनाको अनुगमन कार्यलाई नियमित रुपमा गरी पृष्ठपोषण तथा सुधार कार्ययोजना तयार गर्न नसकिएको ।
- योजना कार्यान्वयनका चरणमा आइपर्ने साना साना विवादहरुबाट पनि योजना कार्यान्वयन प्रकृयालाई प्रभाव पार्दै आएको। अन्तिम चौमासिकमा कार्यान्वयन, अनुगमन तथा भुक्तानीमा चाप बढ्ने गरेको ।
- योजना सम्झौता देखि कार्यान्वयनका विभिन्न चरणहरुमा अनुगमन, पृष्ठपोषण तथा प्रतिवेदन प्रकृयालाई ब्यवस्थित बनाउन नसकिएको ।

# समाधानको उपाय:

- योजना शाखामा जनशक्ति व्यवस्थापन गर्ने (प्रत्येक वडामा एक/एक जना प्राविधिक कर्मचारी तथा फाइल व्यवस्थापनका लागि १ जना कार्यालय सहयोगी रहने गरी)
- ठेक्का प्रकृया मार्फत संचालन हुने तथा ठूला प्रकृतिका योजनाहरुको कार्य संचालन प्रकृया पहिलो चौमासिक अवधि भित्र नै सुरु गर्ने ।
- योजना शाखासँग सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि क्षमता अभिबृद्धीका तालिम कार्यक्रमहरु संचालन गर्ने ।
- आर्थिक वर्षको अन्त्य तिर आएर योजना संसोधन गर्ने, सम्झौता अवधिभित्र कार्य सम्पन्न नगरी भुक्तानी बाँकी राख्ने प्रवृतिलाई कडाइका साथ निरुत्साहित गर्ने ।
- समान प्रकृतिका योजनाहरुलाई प्याकेज बनाई विद्युतिय ठेक्का प्रणाली मार्फत संचालन गर्न प्रोत्साहन गर्ने ।
- योजना सम्झौता देखि कार्यान्वयनका विभिन्न चरणहरुमा अनुगमन, पृष्ठपोषण तथा प्रतिवेदन प्रकृयालाई थप व्यवस्थित बनाउँदै लैजाने।

## प्रशासनीक कार्यसम्पादन र राजश्व परिचालन तर्फः

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा प्रशासनको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती प्रशासन तथा राजश्व शाखाका प्रमुख भरत अधिकारीबाट भयो ।

**प्रस्तुतिका विषयहरु**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- कर्मचारी प्रशासन, सामान्य प्रशासन सम्बन्धि कार्यहरु
- सचिवालय तथा बैठक व्यवस्थापन सम्बन्धि कार्यहरु
- दर्ता चलानी तथा पत्र व्यवहार सम्बन्धी कार्यहरु
- सार्वजनिक विदा, उत्सव, जात्रा, पर्व, उपाधी तथा विभूषण सम्वन्धि कार्यहरु ।
- वडा कार्यालयहरु र अन्य शाखाहरुसंग समन्वय गर्ने ।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु:

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०
- स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०

# नगर कार्यपालिकाका बिषयगत समितिहरु:

- नगर सभा (५० सदस्यीय)
- नगर कार्यापालिका (१९ सदस्यीय)

- सुशासन तथा संस्थागत विकास समिति
  - संयोजकः तिलक कुमार पाण्डे
  - सदस्यः उर्मिला थापा
  - सदस्यः कृष्ण बहादुर वर्देवा
  - सदस्य सचिवः बिकाश दाहाल

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | पदाधिकारी तथा कर्मचारीहरुलाई LISA र FRA सम्बन्धि तालिम प्रदान गरिएको । | ४००००० | १०० प्रतिशत | १०० प्रतिशत |
| २ | पदाधिकारी तथा कर्मचारीहरुलाई सुशासन तथा संस्थागत विकास तालिम (४/४ दिनको दरले संचालन गरिएको ) | ३५०००० | १०० प्रतिशत | १०० प्रतिशत |
| ३ | सार्वजनिक सुनुवाई कार्यक्रम (तिनवटा चौमासिकमा संचालन गरिएको ।) | ३००००० | १०० प्रतिशत | १०० प्रतिशत |
| ४ | सामाजिक परिक्षण | ४००००० | १०० प्रतिशत | १०० प्रतिशत |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- कर्मचारी तथा पदाधिकारीहरुलाइ बेलायतबाट आउनु भएका अन्तराष्ट्रिय सुशासन विज्ञ डा. चन्द्रकान्त अधिकारीज्यूबाट सुशासन तथा संस्थागत विश्लेषण तालिमबाट अनुशिक्षण प्रदान गर्नुभएको जुन निकै प्रभावकारी रहेको ।
- स्थानीय तह स्वमुल्यांकनमा ८०.७५ अंक र स्थानीय तह वित्तिय जोखिम मुल्यांकनमा ८४.५० अंक प्राप्त गरेको अवस्था थियो ।

# सेवा प्रवाह सम्बन्धी विवरणः

| क्र.स. | सेवाको विवरण |
|---|---|
| १ | कर्मचारीको अभिलेख राख्ने |
| २ | दैनिक हाजिरी तथा बिदाको अभिलेख राख्ने |
| ३ | विभिन्न सिफारिश पत्राचार |
| ४ | कार्यापालिकाको बैठक व्यवस्थापन |
| ५ | विभिन्न समितिको बैठक व्यवस्थापन |
| ६ | नगर कार्यपालिका र वडा कार्यालयबीचको समन्वय स्थापित गर्न सहजिकरण |
| ७ | सार्वजनिक सूचना तथा जानकारीको प्रवाह |

# प्रमुख समस्या तथा चुनौती

- स्विकृत दरवन्दी अनुसार कर्मचारी पदपुर्ति हुन नसकेको ।
- विभिन्न शाखाहरुको लागि आवश्यक कार्यकक्षको अभाव रहेको ।
- अभिलेख व्यवस्थापन कक्षको अभाव रहेको ।
- कर्मचारी तथा जनप्रतिनिधीको लागि क्षमता विकास योजना बनाउने ।
- एकिकृत व्यवस्थापकिय सूचना प्रणालीको अभाव रहेको ।

# समाधानको उपाय:

- कर्मचारी व्यवस्थापनको लागी प्रकिया अगाडि बढाउनु पर्ने ।
- विभिन्न शाखा तथा उपशाखाहरुको लागि प्रविधिमैत्री कार्यकक्षको विकास तथा विस्तार गर्नुपर्ने ।
- सूचना तथा अभिलेखको लागि छुट्टै अभिलेख कक्षको स्थापना गर्नुपर्ने
- कर्मचारी/जनप्रतिनिधीहरुको  क्षमता विकासका लागि आबश्यक विभिन्न कार्यक्रमहरु गर्नुपर्ने ।
- कार्यलयमा आबश्यक व्यवस्थाकिय सूचना प्रणालीको विकास गर्नुपर्ने

# राजश्व शाखाको प्रमुख कार्यहरु

- राजश्व सम्बन्धि निति, कानून निर्माणमा सहयोग पुर्याउने ।
- करदाताको अभिलेख राख्ने।
- राजश्व असुली गरी नियमित बैक दाखिला गर्ने।
- राजश्व अभिबृद्दिका लागि बिभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- राजश्व परामर्श समितिको बैठक ब्यवस्थापन तथा प्रतिवेदन तयार गर्न सहयोग पुर्याउने ।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४
- सम्पत्ती कर सम्बन्धि कार्यबिधि २०७५
- ब्यबसाय कर सम्बन्धि कार्यविधि २०७८
- वहाल कर सम्बन्धि कार्यविधि २०७५

# संरचनागत व्यवस्था

- नगर सभा
- नगर कार्यपालिका
- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समित
- स्थानिय राजश्व परामर्श समिति
- राजश्व शाखा
- वडा कार्यालयहरु

- # स्थानीय राजश्व परामर्श समितिः

  - संयोजकः मिना कुमारी खतिवडा (उप प्रमुख)
  - सदस्यः अभय कुमार गुप्ता (प्रमुख प्रशासकीय अधिकृत)
  - सदस्यः कृष्ण बहादुर वर्देवा (कार्यपालिका सदस्य)
  - सदस्यः मनमाया तामाङ  (कार्यपालिका सदस्य)
  - सदस्यः तारामान सेरेङ  (उर्लाबारी उद्योग वाणिज्य सँघ अध्यक्ष)
  - सदस्य सचिवः भरत अधिकारी (राजश्व शाखा प्रमुख)

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) |
|---|---|---|---|
| १ | राजश्व संकलन टोली परिचालन तथा अनुगमन | ४००००० | १००% |
| २ | राजश्व सुधार कार्ययोजना अद्यावधिक | ३००००० | १००% |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- राजश्व संकलन टोली परिचालन तथा अनुगमन कार्यक्रम संचालन गरि व्यवसायीहरु लाई करको दायरामा लाईएको ।

# सेवा प्रवाह सम्बन्धी विवरण

- नगरपालिका तथा सबै वडा कार्यालयहरु बाट राजश्व संकलन गरिएको।

# प्रमुख समस्या तथा चुनौती

- आवश्यक कर्मचारी अभाव रहेको।
- आवश्यक तालिमको अभाव रहेको ।

## सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन तर्फः

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा सुचना तथा प्रविधीको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती सूचना तथा प्रविधी शाखाका शाखा प्रमुख रोशन ठाकुरबाट भयो ।

**प्रस्तुतिका विषयहरु**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- Internet and Intranet Management
- Web-site management
- E-Bid Management
- Software Management
- Coordinate with all municipal and ward staff for technical help.

# वार्षिक कार्यक्रमको प्रगति

| क्र.सं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | वडा कार्यालयहरुको लागि डिजिटल नागरिक वडापत्र तथा डिजिटल बोर्ड | २०००००० | संचालन भएको |
| २. | सफ्टवेयर खरिद तथा व्यवस्थापन | ५००००० | संचालन भएको |
| ३. | ईन्टरनेट जडान तथा क्षमता अभिवृद्धि तथा म्यानेजेवल स्विच खरिद तथा मर्मत (इन्टरनेट/इन्ट्रानेट व्यवस्थापन र सम्बन्धित सामान खरिद) | १०००००० | संचालन भएको |
| ४. | कर्मचारी तथा जनप्रतिनिधीलाई क्षमता विकासका लागि सूचना प्रविधी तथा software सञ्चालन र advance computer skill सम्बन्धि तालिम | ३५०००० | संचालन नभएको |

# अन्य :

- विधुतिय सूचना प्रणाली **Web Sms** सञ्चालनमा रहेको ।
- उर्लाबारी नगरपालिकाको नयाँ भवनहरुमा Inter-Networking गरिएको ।
- नगरवासीहरुलाई नगरपालिकामा भएको सूचना सम्बन्धि विवरणलाई स्वत प्रकाशन Web-Site को माध्यमबाट गरिएको।
- सुशासन कायम गर्न नगरपालिका र अन्तर्गतका कार्यलयमा विधुतिय हाजिरी सञ्चालनमा ल्याइएको।
- नगरपालिकामा सञ्चालनमा रहेको सर्भरको क्षमता वृद्धि गरिएको ।
- आ.व २०७९।०८० को नगरपालिकाको संस्थागत क्षमता स्व-मूल्यांकनको कार्य सफ्टवेयरमा प्रविष्ट गरिएको ।

- नगर प्रहरीको कार्यसम्पादनमा सहजता ल्याउन, सञ्चारमा सहजता ल्याउन वाकी-टकी सञ्चालनमा ल्याइएको र प्राविधिक सहायतता प्रदान गरिदै आएको ।
- नगरपालिकाको आय व्यय विबरण Web-Site मा हरेक महिना प्रविष्ट गरिएको ।
- नगरपालिका र वडा कार्यालयमा प्रयोगमा आएका कम्प्युटर, प्रिन्टर, सफ्टवेयर लगायतका उपकरणहरुमा आएका समस्याहरुको प्राविधिकरुपमा समाधानका लागि प्रयास गरिदै आएको ।
- सूचना प्रविधिसँग सम्बन्धित विभिन्न क्षमता विकासका तालिममा सहभागी भई त्यसको सिकाईलाई कार्यालयमा प्रयोगमा ल्याउदै आएको ।
- सामुदायक विद्यालयमा ई-हाजिरी जडान तथा संचालन गरिएको।

# प्रमुख समस्या तथा चुनौती

- शाखा तथा वडा कार्यालयहरुमा आवश्यक प्राविधिक कर्मचारीको अभाव ।
- Server Room व्यवस्थापन ।
- Technical तालिमको कमी ।
- वडा तथा मातहतका कार्यालयहरुमा आवश्यक परेको समयमा आपतकालीन सेवा दिनका लागि शाखा प्रयोजका लागि मो.सा. अवश्यक भएको ।

# वातावरण तथा विपद् व्यवस्थापन तर्फः

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.व.मा योजना तथा पुर्वाधारको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती वातावरण तथा विपदका फोकल पर्सन भरत अधिकारीबाट भयो ।

**<u>प्रस्तुतिका विषयहरु</u>**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- वन ब्यवस्थापन सम्बन्धि कार्यहरु
- वातावरण संरक्षण सम्बन्धि कार्यहरु
- विपद ब्यवस्थापन सम्बन्धी कार्यहरु
- वारुण यन्त्र संचालन
- फोहोरमैला ब्यवस्थापन सम्बन्धि कार्यहरु

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन
- वातावरण संरक्षण सम्बन्धि ऐन, नियमहरु
- स्थानीय कानून, नीति तथा कार्यक्रमहरु उल्लेख गर्ने

## स्थानीय समितिहरुः

- <u>स्थानीय विपद व्यवस्थापन समिति</u>
- नगर प्रमुख — संयोजक
- नगर उप प्रमुख — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- विषयगत समितिका संयोजकहरु — सदस्य
- प्रतिनिधि, इलाका प्रशासन कार्यालय — सदस्य
- सामाजिक बिकास शाखा प्रमुख — सदस्य
- पूर्वाधार विकास शाखा प्रमुख — सदस्य
- सशस्त्र प्रहरी बेस प्रमुख — सदस्य
- इलाका प्रहरी कार्यालय प्रमुख — सदस्य
- नगर प्रहरी प्रमुख — सदस्य
- राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि — सदस्य

- नेपाल रेडक्रस सोसाइटीका स्थानिय प्रतिनिधि सदस्य
- उद्योग वायिज्य सँघका प्रतिनिधि सदस्य
- गैसस महासँघका स्थानीय प्रतिनिधि सदस्य
- संचार क्लव उर्लाबारीका प्रतिनिधि सदस्य
- विपद्ब्यवस्थापन शाखा प्रमुख सदस्य सचिव

- <u>नगर कार्यपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन समिति</u>
- संयोजकः कुमार कणेल
- सदस्यः भिष्मराज बुढाथोकी
- सदस्यः मनमाया तामाङ
- सदस्य सचिवः भरत अधिकारी

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | हाटबजार सरसफाई तथा व्यवस्थापन | २५०००० |
| २ | विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | ४००००० |
| ३ | नदी नियन्त्रण तथा रोकथाम कार्यक्रम | १५००००० |
| ४ | फोहोरमैला ब्यवस्थापन | ५०००००० |
| ५ | नदी नियन्त्रण तथा तटबन्धन | ३३००००० |
| ६ | बक्राहा घाट सरसफाई | ३००००० |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- आपद्कालिन कार्य संचालन केन्द्र स्थापन गरि संचालन गरिएको ।
- नगरबासीहरु लाई दमकल, एमबुलेन्स र सव वाहान सेवा उपल्ब्ध गराईएको ।
- फोहोरमैला ब्यवस्थापन ।
- राहात वितरण ।
- नदी नियन्त्रण तथा तटवन्धन ।

## आ.व.२०८०/०८१ मा घटेका विपदका घटनामा राहात वितरण गरिएको विवरण

| क्र. सं. | विबरण | संख्या | रकम रु. |
|---|---|---|---|
| १ | हात्ती पिडित | १८ | १११००० |
| २ | आगलागि पिडित | १३ | ५३६००० |
| ३ | मौरीलाई क्षति पुर्याएको | १ | २४००० |
| ४ | हावाहुरी सहित असिनाबाट क्षति | १ | ८००० |

## आगलागि नियन्त्रणको लागि वारुणयन्त्रबाट सेवा पुर्याएको

| उर्लाबारी नगरपालिका क्षेत्र भित्र | उर्लाबारी नगरपालिका क्षेत्र बाहिर | जम्मा संख्या |
|---|---|---|
| ३९ | २१ | ६० |

# प्रमुख समस्या तथा चुनौती

- ढल व्यवस्थापन ।
- फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइट ।
- बजार व्यवस्थापन ।
- वर्षातको समयमा बजार क्षेत्र ढुवानको समस्या ।
- हात्ती आतंक ।

# समाधानको उपाय

- उचित ढल ब्यवस्थापन गर्नु पर्ने ।
- फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइट ब्यवस्थापन गर्नु पर्ने ।
- बर्षातको समयमा हुन सक्ने डुवान, नदीकटान न्यूनिकरणकोलागि ब्यवस्था मिलाउनु पर्ने ।

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका शाखा प्रमुख चन्द्रकला सुब्बाबाट भयो ।

**<u>प्रस्तुतिका विषयहरु</u>**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

१. महिला बिकास कार्यक्रम लै.स.सा.स.

२. अपाङ्गता रोकथाम तथा पुनःस्थपना कार्यक्रम

३. गरिबी निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम

४. बाल संरक्षण तथा बालमैत्री अभियान

५. जेष्ठनागरिक सम्मान अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम

६. सामुदायिक सस्था तथा गैरसरकारी सस्थाहरुसग समन्वय सहकार्य नियमन सम्बन्धि कार्यहरु ।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

## संघीय कानून तथा नीति

१. बाल विवाह विरुद्धको रणनीति, २०७२
२. राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
३. राष्ट्रिय बालबालिका नीति, २०८०
४. अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८०
५. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०८० (मस्यौदा)
६.बालबालिका सम्बन्धी एन २०७५
७.बालमैत्री स्थानिय शासन कार्यान्वयन निर्देशिका २०७८
८. बालबालिका सम्बन्धी नियमावली, २०७८
९. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५
१०.बालमैत्री स्थानिय शासन घोषणा कार्यबिधि २०७९१
११. बाल न्याय सम्पादन नियमावली २०७६

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

## प्रदेश कानून तथा नीति

- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन-२०८०
- विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूको लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८०
- किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९
  संरक्षण कोष (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड
- एकल महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८०
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७८ र अनुदान प्राप्त गर्ने संस्थाहरुको विवरण

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

## **स्थानीय कानून, नीति तथा कार्यक्रमहरु**

१. महिला बिकास कार्यक्रम सन्चालन कार्यबिधि २०७७

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७

३. उर्लाबारी नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष नियमावली, २०७७

४. उर्लाबारी नगरपालिकाको ज्येष्ठ नागरिक संरक्षण तथा परिचय पत्र वितरण कार्यविधि, २०७७

५.उर्लाबारी नगरपालिकाको ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

६. उर्लाबारी नगरपालिकाको सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७७

७. बालमैत्री आचारसहिता २०७९

८. सामजिक समाबेसीकरण निति २०७९

९.अपागता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यबिधि २०७५

# संरचनागत व्यवस्था

<u>स्थानीय समितिहरु</u>

१. महिला बिकास कार्यक्रम सचालक समिति
२. अपाङ्गता परिचय पत्र वितरण समन्वय समिति
३. बालमैत्री स्थानीय शासन समिति
४. बाल अधिकार समिति
५. उद्यम विकास समिति
६. महिला उद्धमशिलता सहजीकरण केन्द्र कार्यान्वयन समिति
७. कार्यक्रम व्यवस्थापन समिति
८.बालमैत्री कार्यान्वयन सहजीकरण समिति

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | विपन्न महिला समूह गठन र परिचालन (निगरानी समूह समेत ) | ३०००० | १००.००% | ६० वटा समुह गठन |
| २ | समिति गठन र व्यवस्थापन खर्च अनुदान | ५०००० | १००.००% | १० समितिलाई ५००० का दर ले ब्याबस्थापन खर्च समितिको बैंक खातामा उपलब्ध गराईएको |
| ३ | समूह समिति अनुशिक्षण ३ दिने गाउँस्तर | ७०००० | ९७.७४% | २ वटा गाँउ तालिम भएको |
| ४ | समितिका सचिवहरुलाई लेखा व्यवस्थापन तालिम ३ दिने | ७५००० | ९६.७०% | १ वटा गोष्ठी संचालन भएको |
| ५ | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा कुरिती सम्बन्धी १ दिने अभिमुखीकरण नगरस्तर | ५०००० | १००.००% | १ वटा गोष्ठी संचालन भएको |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमूखीकरण र लैससास परिक्षण ३ दिने नगर स्तर | १००००० | ९९.२०% | १ वटा गोष्ठी संचालन भएको लै.स.सा.स. परिक्षण प्राप्ताङक ७६ |
| ७ | प्रत्येक वडामा गठन भएका महिला समिति अध्यक्ष वा सचिव माझ चौमासिक वैठक अलग अलग २दिन१ दिने नगरस्तर | १५००० | ६४.४८% | २ वटा नगरस्तरिय बैठक |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| 8 | लैंगिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमूखीकरण २ दिने नगर स्तर | ५०००० | ९७.५४% | १ वटा अभिमुखिकरण गोष्ठी संचालन |
| 9 | वडाका म.वि.स.सदस्यहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लैंगिक हिंसा सम्बन्धी अभिमूखीकरण कार्यक्रम | १८०००० | ३३.१२% | ६ वटा वडामा अभिमुखिकरण गोष्ठी ६६.६६% |
| 10 | उप मेयर सँग किशोर किशोरी कार्यक्रम (हिंसा र कुरीति सम्बन्धी ) | ११०००० | ६८.४५% | २२ वटा विद्यालयमा हिंसा सम्बन्धी कार्यक्रम ९९.९०% |
| 11 | महिला कानुनी शिक्षा २ दिने नगर स्तर | ५०००० | ९२.०८% | १ वटा तालिम संचालन१००.००% |
| 12 | व्यवसायिक सम्भाव्यता अध्ययन | २०००० | ९५% | १ वटा छलफल संचालन १००.००% |
| 13 | सिप विकास तालिम, टेवा सहित | १००००० | १००.००% | २० जनालाई पेटानी बुनाई तालिम १००.००% |
| 14 | सिप विकास स्तर उन्नती १ महिने र सीप परिक्षण | 500000 | ९६.०२% | 60 जनालाई तालिम यस मध्ये ३४ जनाले सीप परिक्षण संचालन |

# वार्षिक कार्यक्रमको प्रगति

| | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १५ | प्याड उत्पादन, कोशेली घर तथा ढाका स्तर उन्नती कार्यक्रम | २०००२० | | |
| १६ | महिला हिंसा न्युनीकरण तथा शसक्तिकरण कार्यक्रम | २००००० | | |
| १७ | सीप लेबल १,२ वा एडभान्स तालिम लिएकाहरुलाई ToT १० दिने तालिम | ४००००० | ९९% | २० जनालाई लेवल १ र २ तलिम सम्पन्न भएको |
| १८ | आर्थिक विपन्न, एकल, पिछ्डिएका जातजाति, दलित, अपाङ्गता भएका महिलाहरुलाई आत्मनिर्भर कार्यक्रम | ३५०००० | ९८.५७% | ३० जनालाई १ महिने बारिष्टा तालिम र १६ दिने लैङ्गिक हिंसा सम्बन्धि कार्यक्रम संचालन भएको |
| १९ | माग अनुसारको सिप विकास तालिम | १००००० | १००.००% | २0 जनालाई ५ दिने मौरी सम्बन्धी कृषक स्तरिय तालिम |
| २० | विभिन्न समितिहरुको वैठक तथा खाजा खर्च | २००००० | ७८.६५% | समितिको खाजा खर्च बापत खर्च भएको |
| २१ | पालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन निर्माण र प्रकाशन थप | ९२०००० | १००.००% | ९ वटै वडाको तथ्याङ्क संकलन तथा स्थिती प्रतिवेदन निर्माण |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| २२ | बालमैत्री सासन सम्बन्धी सामाजिक परिचालन | ४७५००० | १००.००% | २ वटा वडा बालमैत्री घोषणा सम्मका तयारी |
| २३ | बालमैत्री स्थानीय शासन वडा स्तरीय समिति गठन र पुर्नगठन वैठक | ४०००० | ३४% | |
| २४ | बालमैत्री स्थानीय शासन समितिको क्षमता विकास र परिचालन | ५०००० | १००.००% | |
| २५ | वडा र पालिका स्तरीय बाल क्लव संजाल पुर्नगठन र वैठक अभिमूखीकरण | ५०००० | | |
| २५ | बालमैत्री स्थानीय शासन र बालअधिकार समितिको गठन, वैठक र परिचालन | ५०००० | | |
| २७ | बाल उद्यान सहित बालमैत्री सिकाइ केन्द्र | ० | | |
| २८ | नगर बाल संजाल र वडा स्तरीय बाल संजालका सदस्यहरुलाई बालविवाह, दुर्व्यसनी, साइबर क्राइम सम्बन्धी अभिमूखीकरण | ७५००० | | |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| २९ | बालअधिकार सम्बन्धी प्रचार सामग्री निर्माण, छपाई | 80000 | 90.54% | |
| ३० | बालकोष | ५०००० | १००.००% | |
| ३१ | अनुगमन तथा मूल्याङ्कन | २५००० | १००.००% | |
| ३२ | बालमैत्री स्थानीय शासनकालागि तथ्याङ्क संकलन | 99980 | 17.02% | |
| ३३ | ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाइ सम्मान कार्यक्रम | १००००० | 94.05% | २७ |
| ३४ | ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन, व्यवस्थापन, गठन, परिचालन | ५०००० | १००.००% | १ |
| ३५ | ज्येष्ठ नागरिक अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम १ दिने नगर स्तर | १००००० | | |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| ३६ | अल्जाइमर सम्बन्धी अभिमूखीकरण कार्यक्रम १ दिने नगरस्तर | ५०००० | | |
| ३७ | ज्येष्ठ नागरिकहरुको ९ वडाका समितिहरुलाई वैठक, यातायात तथा खाजा खर्च | १००००० | 17% | २ |
| | जम्मा | ५००००००। | ७६.१५% | ३८०७७४२ |

# गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रगती विवरण

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | उद्यम बिकास सहजकर्ता परिचालन | ८५५४५२ | १००% | २ जनालाई तलब भत्ता |
| २ | प्रशासनिक खर्च | ४५४८ | ० | ० |
| ३ | उद्यमी स्तरोन्न्ती | २००००० | ९७.६३% | २० जनालाई एड्भास सिलाईकटाइ तालिम |
| ४ | प्रविधि हस्तान्तरण | १४०००० | १००% | ५ वटा पिको मेशिन र ५ वटा सिलाई मेशिन |
| | | १२०००००। | ९९.२१ | |

# राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | उधमशिलता बिकास तालिम २ पटक | १३०००० | ९९.९३ % | ६० जनालाई ब्यवसायिक तालिम १००% |
| २ | सिप बिकास तालिम | २००००० | २५% | प्रविधी हस्तान्तरण |
| ३ | टेवा पुजी | १२०००० | १०० | २ वटा समितिलाई नगद हस्तान्तण मुल समितिको खाताबाट |
| ४ | प्रबिधि हस्तान्तरण | ६५०००० | १०० | १ वटा समितीलाई प्रविधी हस्तान्तरण |
| ५ | १ सिलाइ कटाइ महिला सजाल<br>२ ढाका महिला सजाल<br>३ ब्यूटिपार्लर महिला सजाल बैठक तालिम २ पटक | १२०००० | ५९.७५ | उद्यमीहरुलाई ३ वटा बैठक संचालन तथा अभिमुखिकरण |

# राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| ६ | सामाजिक परिचालन तथा अनुगमन | ५०००० | ९५.६% | उद्यमीको कार्यस्थलमा गृह भेट तथा अनुगमन |
| ७ | अध्ययन प्रभाव मूल्यङकन | ३०००० | १०० % | प्रत्येक उधमीहरुको घर पसल भेट गरी प्रोफाइल तयारी |
| | जम्मा | १३०००००। | ८४.५७% | |

# अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा गर्भवती महिलाहरुको दर्ता र अध्यावधिक | ४५००० | ८३.४४% | ५१९ जना गर्भवती र सुत्केरी महिलाहरुको स्वास्थ्य संस्थामा दर्ता |
| २ | जन्मजात अपाङगता पहिचानका लागि नवजात शिशुको जांच तथा रेकर्ड | ७०००० | ९९.००% | ६९३ जना २८ दिन भित्रको नवजात शिशुहरुको जांच तथा रेकर्ड । |
| ३ | पास बुक र रजिस्टर छपाई | २०००० | ९९.२५% | ४०० वटा पास बुक छपाई र ९ वटा रजिष्टर खरिद । |
| ४ | प्रोफाइल तथा पुनःस्थापना योजना तयारी | ३३१५०० | ९९.५४% | कोब्रा फाइल, फोटो प्रिन्ट पेपर, मार्कर र डटपेन खरिद । |
| ५ | स्वास्थ्य उपचार सहयोग | २७०००० | ८६.००% | १५ जना अपाङगता परिचय कार्ड भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचारमा सहयोग । |
| ६ | सहयोगी सामाग्री सहयोग | ३००००० | १००.००% | २४ जना अपाङगता र जेष्ठ नागरिक व्यक्तिहरुलाई सहयोगी सामाग्री वितरण |

# अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| ७ | सिपमुलक र व्यवसायिक तालिम | १००००० | ८२.२५% | २५ जना अपाङगता र अपाङगताको परिवारलाई आधारभूत मौरी तालिम |
| ८ | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस | ४५००० | १००.००% | १८ जना अपाङगता व्यक्तिहरुलाई फाइबरको सिरक वितरण । |
| ९ | मिलिजुली समुहको बैठक | १०८००० | १००.००% | १०८ पटक अपाङगता मिलिजुली समुहलाई मासिक खाजा खर्च |
| १० | पालिका स्तरीय समिक्षा बैठक तथा वार्षिक योजना निर्माण कार्यशाला | ३०००० | ९९.६६% | ६२ जना कार्यक्रममा उपस्थिति भएको । |
| ११ | सिविआर सहजकर्ता, स्वास्थ्य इन्चार्ज, ओ.पि.डी. प्रतिनिधी र कार्यक्रम सम्पर्क व्यक्तिको मासिक बैठक | १००००० | ९९.९०% | १२ पटक मासिक बैठक । |
| १२ | विभिन्न किसिमका फारम छपाई | ४०००० | १००.००% | अपाङगता प्रोफाइलमा चाहिने विभिन्न फारम छपाई । |

# अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १३ | समुदायमा आधारित पुनःस्थापना सहजकर्ताको पारिश्रमिक | ४२७८३० | ७३.०५% | ८.५ महिनाको पारिश्रामिक |
| १४ | अपाङ्गता समन्वय समितिको बैठक | १५३०२० | ८३.७१% | ७५ जना अपाङगता व्यक्तिहरुलाई १२ पटक समन्वय समितिको बैठक बसी कार्ड वितरण । |
| १५ | अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पि.डि) सुदृढिकरण तथा अपाङ्गता सशक्तिकरण | २००००० | १००.००% | अपाङ्गता भएका व्यक्तिहरूको संस्थाबाट ९ वडामा कार्यक्रम सन्चालन । |
| १६ | अपाङ्गता सहायता कक्ष संचालन | २८६००० | ९२.३०% | १२ महिनाको पारिश्रामिक |
| १७ | सहयोगी सामाग्री मर्मत | २०००० | ०% | नभएको । |
| १८ | राधिका मा बि उर्लाबारी ७ र सुनपकुवा मा बि उर्लाबारी ३ श्रोत कक्षामा कार्यरत २ जना शिक्षिकाहरुको पारिश्रमिक | ५२०००० | ९५.१९% | बौद्रिक स्कुलका ३ जना शिक्षिकाहरुलाई प्रोत्साहन स्वरुप मासिक रु १५००। को दरले भत्ता |
| | जम्मा | २३००००० | ८८.७३% | |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- जम्मा महिला विकास समितिः १०५ वटा
- महिला विकास समितिको वचत जम्माः २०६५७९१५.२३
- समिति व्यवस्थापन तथा टेवा पुँजी रकम जम्माः १७२८000.00
- प्रत्येक समितिमा लैंगिक हिंसा समुह ४ देखि ६ जनाको गठन भएको ।
- ढाका तालिम लिएर तान प्राप्त गर्ने १०४ जना
- व्युटिपार्लर तालिम लिनेः२० जना
- पेटानी बुन्नेः २० जना
- मौरी पालन गर्नेः२८ जना
- सिलाईकटाई तालिम लिनेः ४० जना
- सिलाईकटाई लेवल १ पास गरेकाः ४५ जना
- सिलाईकटाई लेवल २ पास गरेकाः २१ जना
- व्युटिपार्लर लेवल १ पास गरेकाः ३८ जना
- व्युटिपार्लर सिकेर बैदेशिक रेजगारमा गएकाः ७ जना
- ढाका लेवल १ पास गरेकाः ३८ जना
- प्रशिक्षक प्रशिक्षण तालिम लिइ सीपमूलक तालिमका प्रशिक्षकः २० जना
- कोशेली घर (विक्री केन्द्र) उर्लाबारी नगरपालिका वडा नं. ४ मा संचालनमा रहेको ।
- सेनेटरी प्याड उद्योग स्थापना भएको ।

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- ज्येष्ठ नागरिक वडास्तरीय समिति वडा नं. १ र ६मा गठन गरिएको ।
- वडा नं.१ का ५७५ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २८० जना महिला, २९४ जना पुरुष, ५१ जना दलित, ३३९ जना आदिवासी जनजाति र अन्य १८६ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं.२ का ४८२ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २२८ जना महिला, २५४ जना पुरुष, २० जना दलित, १७७ जना आदिवासी जनजाति र अन्य २८५ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं.३ का ४६९ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २२७ जना महिला, २४२ जना पुरुष, ५४ जना दलित, १५४ जना आदिवासी जनजाति र अन्य २६१ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं.४ का ४६९ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २४३ जना महिला, २२६ जना पुरुष, ३५ जना दलित, ९५ जना आदिवासी जनजाति र अन्य ३३९ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं.५ का १८२ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा ९६ जना महिला, ८६ जना पुरुष, ९ जना दलित, ६० जना आदिवासी जनजाति र अन्य ११३ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- वडा नं. ६ का २७५ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा १४३ जना महिला, १३२ जना पुरुष, १९ जना दलित, ९९ जना आदिवासी जनजाति र अन्य १५७ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं. ७ का ५०८ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २७६ जना महिला, २३२ जना पुरुष, १८ जना दलित, १६१ जना आदिवासी जनजाति र अन्य ३२९ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं. ८ का ५८३ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २८४ जना महिला, २९९ जना पुरुष, ४० जना दलित, २०५ जना आदिवासी जनजाति र अन्य ३३८ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- वडा नं. ९ का ५२१ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरियो । जसमा २६५ जना महिला, २५६ जना पुरुष, २९ जना दलित, २८० जना आदिवासी जनजाति र अन्य २१२ जना ज्येष्ठ नागरिकहरु रहेको पाइयो ।
- यसरी उर्लाबारी नगरपालिकाबाट जम्मा ३८४१जनाले ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको ।

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- बालमैत्री स्थानीय शासन सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया गरी आचारसंहिता निर्माण गरियो ।
- २५ वटा सामूदायिक विद्यालयमा बालक्लव गठन भएको ।
- पालिकाको प्रशासनिक भवनमा स्तनपान कक्षको स्थापना गरियो ।
- प्रहरी कार्यालयमा बालबालिका हेल्पडेक्स स्थापना गरियो ।
- बालमैत्री नगरपालिका घोषणा कार्यकालागि तथ्याङ्क सकंलन भइ स्थितिपत्र तयार भएको र वडा नं १ र ६ मा बालमैत्री स्थानिय शासन घोषणको लागि सम्पूर्ण तयारी भएको ।
- बालमैत्री घोषणको लागि वडा नं ७ मा बालमैत्री स्थानिय शासन सम्बधित कार्यक्रम भई रहेको,

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- उर्लाबारी नगरपालिकाबाट १९३ जनाले पुर्ण अशक्त अपाङ्गता, ३६५ जनाले अतिअशक्त अपाङ्गता, १३४ जनाले मध्यम अपाङ्गता, ८३ जनाले सामान्य अपाङ्गता गरी जम्मा ७७५ जनालाइ परिचय पत्र प्रदान गरियो ।
- ९ वटै वडामा अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समूह रहेको ।
- अपाङ्गता हेल्पडेक्स रहेको । १ जना सहजकर्ता रहेको ।
- अपाङ्गता भएका व्यक्तिहरुकालागि अपाङ्गतामैत्री आवासीय भवन उर्लाबारी नगरपालिका वडा नं. ३ मा निर्माण भइरहेको ।
- व्यवसायिक तालिम प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति तथा परिवार सदस्यः ९ जना
- स्वरोजगार साना उद्यम तथा नोकरीमा सम्लग्न भएका अपाङ्गता भएका व्यक्तिहरुको संख्याः ४ जना तथा परिवारका सदस्यः ३ जना

# प्रमुख समस्या तथा चुनौती

- प्रकृयागत निर्णय समयमा नहुने भएको कारण समयमा कतिपय कार्यक्रम संचालन गर्न नसकिएको
- फिल्डमा काम बढी हुनेहुँदा सवारी साधन को अभाव ।
- जनशक्तीको परिचालन गर्दा अन्य शाखामा जनशक्ती पठाइदा यस शाखाको कार्य गर्न कठिन भएको ।
- पालिकास्तरमा अपाङ्गतामैत्री भवन निर्माण नभएको ।

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा श्रम तथा रोजगार शाखाको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती श्रम तथा रोजगार शाखा  प्रमुख चन्द्रकला सुब्बाबाट भयो ।

**प्रस्तुतिका विषयहरु**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- सुचिकृत बेरोजगार व्यक्तिहरुलाई छनौट भएका योजनाहरुमा न्युन्तम ज्याला दरमा १०० दिनको रोजगारी दिने।
- वैदेशिक रोजगार वोर्डबाट प्राप्त हुने आर्थिक सहयोग जस्तै (स्वास्थ्य उपचार, अङ्गभङ्ग,मृत्युको क्षेतिपुर्ति र क्षात्रवृत्ति) सम्बन्धित व्याक्ति वा व्याक्तिको परिवारलाई फारम भराई सहयोग उपलब्द गराउने।
- नयाँ तथा पुनः श्रम स्विकृति पत्र दिलाउन सहजिकरण गर्ने।
- पालिकाद्वारा संचालित भएका सिपमुलक तालिममा सहजिकरण गरि तिनिहरुको रेकर्ड राख्ने कार्य।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

- रोजगारीको हक सम्बन्धी एन, २०७५।
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५।
- प्रधानमन्त्री रोजकार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५।

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १. | रोजगारी सृजना(नेपाल सरकार) | २३२२००० | ९२.४८ | जम्मा २७ वटा योजना मध्ये २१ वटा योजना सम्पन्न भएको। |
| २. | रोजगारी सृजना(आई.डि.ए.) | २२८९००० | ५५.८० | |
| ३. | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन | ५०००० | ९१.४० | कार्यपालिकामा पास हुन बाकि। |
| ४. | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | ६०००० | ०.०० | |
| ५. | रोजगार संवाद मञ्चको सञ्चालन | ३०००० | ०.०० | |
| ६. | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | ४५००० | ०.०० | |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १. | प्र.रो.का अन्तर्गत आयोजनामा निर्माण सामाग्री खरिद | ५००००० | ६४.९३ | २ वटा योजनामा निर्माण सामाग्री प्रयोग भएको। |
| २. | प्र.रो.का अन्तर्गत आयोजनामा सुरक्षा सामाग्री खरिद | २००००० | ९९.६१ | |
| ३. | श्रमिक तथा स्वरोजगारमा आवद्ध हुनका लागि सीपमुलक तालिम(३ वटा) | ५०००० | ९८.४८ | ५५ जनाले तालिम प्राप्त गरेको। |
| ४. | रोजगार मेला | ३००००० | ०.०० | |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- ३ वटा सिपमुलक तालिम (ड्राइभिङ्ग , कुक र बारिष्टा तालिम) आयोजना गरि छनौट भएका व्याक्तिलाई सिप सिकाइ प्रमाणपत्र बितरण गरिएको।
- रोजगार रणनीतिको खाका तयार गर्न सम्पुर्ण शाखा, उद्योग बाणिज्यको प्रतिनिधि र सरोकारवालाहरु संग गोष्ठि कार्यक्रम गरिएको।

# सेवा प्रवाह सम्बन्धी विवरण

- १५५ जना सुचिकृत बेरोजगारलाई ७००० रोजगारी दिन उपलब्ध गराएको।
- २८० जना व्यक्तिलाई श्रम स्विकृति पत्र दिलाइएको।
- वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहयोग मध्ये **मृत्युको क्षतिपुर्ति** ८ जना परिवारले, **स्वास्थ्य उपचारको** ४ जना व्यक्तिले र **छात्रवृत्ति** १६ जना सन्ततिले प्राप्त गरेको ।

# प्रमुख समस्या तथा चुनौती

- वडा संग साझेदारी भई गर्नुपर्ने योजना भएको तर वडाका कार्यक्रम धेरै ढिला भएर श्रमिकले समयमा काम नपाएको।
- उर्लाबारी नगरपालिकामा रोजगारदाताहरुको अभाव भएकोले बेरोजगार ब्यात्तिलाइ रोजगारमा जोड्न नसकेको।
- रोजगारदाताको माग बमोजिम बेरोजगार व्यक्तिले आवश्यक तालिम हासिल नगरेको।

# समाधानको उपाय

- वडाका साझेदारी कार्यक्रमहरुलाई वडा समितिले छिट्टै निर्णय गरि सञ्चालन गर्नुपर्ने।
- रोजगारदाता संग समन्वय गरि सुचिकृत बेरोजगार व्यात्तिलाई आवश्यक तालिममा सहभागि गराई प्रमाणिकरण गरिनु पर्ने।
- श्रम डेस्कको स्थापना गरि श्रमिकलाई पालिकाको सबै पुर्वधारको योजनामा श्रमको काम संग जोड्नु पर्ने।

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा भवन तथा भुउपयोग शाखाको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती भवन तथा भुउपयोग शाखा प्रमुख हिमांशु देव बाट भयो ।

**<u>प्रस्तुतिका विषयहरु</u>**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि प्रचलित भवन संहिता अनुसार स्ट्रक्चरल एनालाइसिसको रिपोर्ट र मापदण्ड अनुसार चाहिने भवनहरूमा माटो परिक्षण रिपोर्ट कोआधारमा निर्माण कार्य गर्न इजाजत जारी गरेको ।
- भवन निर्माण इजाजत नलिई बनेका पुरानो भवनहरुको अभिलेख राखी राजस्वको दायरामा ल्याउन "उर्लाबारी नगरपालिकाको पुरानो घर अभिलेखिकरण(सूचीकृत) कार्यविधि,२०८१" जारी गरियो |
- उर्लावारी नगरपालिका क्षेत्रभित्र घर र अन्य व्यक्तिगत संरचनाहरू बनाउँदा सरकारी र सार्वजनिक जग्गाहरूको संरक्षणका लागि उक्त जग्गाको सिमाना यकिन गरी उक्त जग्गाको संरक्षण गर्ने कार्य हुँदै आएको ।
- भू-उपयोग नीति बनाएर नीति बमोजिम जग्गा बर्गीकरणका कामहरु गर्दै आएको |
- जग्गाहरूको विवाद र जग्गा सम्वन्धी आवश्यक कामका लागि लिखित र मौखिक आदेश बमोजिम आवश्यक स्थलगत नापजाँच गरी सिमाना यकिन गरेको ।
- भवनको नक्सापास कार्यलाइ सहज बनाउन अनलाइन मार्फत घर नक्शापास (EBPS) सुचारु गरि सेवा दिदै आएको |

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

- २३ वटा भवन संहिता (NBC 000, NBC 101-114,NBC 206-208, NBC 201-202,NBC 205:2024, NBC 203-204)
- बस्ति बिकाश, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड,२०७२ (पहिलो र दोस्रो संसोधन समेत)

## • स्थानीय कानून, नीति तथा मापदण्डः

- भवन निर्माण मापदण्ड तथा नक्शापास कार्यविधि, २०७९
- पुरानो घर अभिलेखिकरण (सूचिकृत) कार्यविधि, २०८१
- जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धि निर्देशिका, २०७९" , "जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धि (पहिलो संसोधन) निर्देशिका, २०७९" "जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धि (दोस्रो संसोधन) निर्देशिका, २०८०" र "जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धि (तेस्रो संसोधन) निर्देशिका, २०८०"

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति | REMARKS |
|---|---|---|---|---|---|
| १ | Mason training | ३,००,००० | १०० | भूकम्प प्रतिरोधी भवन निर्माण गर्नका लागि स्थानीय निर्माण कर्मीहरूलाई प्राविधिक (Mason) तालिम | जिन्सी साखा द्वारा आयोजित |

# सेवा प्रवाह सम्बन्धी विवरण

| आर्थिक वर्ष २०८०/०८१ को प्रगति विवरण | |
|---|---|
| विवरण | जम्मा सङ्ख्या |
| जम्मा नयाँ घर निर्माण अनुमति निबेदन दर्ता | १६२ |
| जम्मा नयाँ घर निर्माण सम्पन्न | १९३ |
| पुरानो घर नक्शा अभिलेखिकरण निबेदन दर्ता | ६९ |
| पुरानो घर नक्शा अभिलेखिकरण प्रमाण पत्र जारी | ३३ |
| जम्मा निर्माणधीन घर (प्रथम र दोस्रो चरण लिएको) | २०२ |

# प्रमुख समस्या तथा चुनौती

- उर्लाबारी नगरपालिका क्षेत्र भित्र भवन निर्माण मापदण्ड बिपरित नक्शा पास नगरी बनेका सरकारी, सामुदायिक, सार्वजनिक भवनहरु निर्माण भएको।
- उर्लाबारी नगरपालिकामा गैर कानुनी तरिकाले जग्गा विकाश प्लांनिङ्ग (PLOTTING) को ठुलो समस्या ।
- हालको भू-उपयोग नीति अनुसार नक्सा भरपर्दो र आधुनिक बर्गिकरण नक्सा नरहेको ।
- भू-उपयोग नक्सा र वास्तविक साइटमा फरक परेको देखिन्छ।
- पुरानो नगरविकास अन्तर्गत निर्माण भएको हाल प्रचलित सडक अधिकार क्षेत्र मापदण्ड पालना नभएको निर्माण भएको भवनहरुको अभिलेखको समस्या ।
- घर नक्सा इजाजत प्रमाण पत्रका लागि लाग्ने नक्सापास दस्तुर ONLINE(DIGITALLY) सेवा नरहेको भन्दै सेवाग्राहीको गुनासो ।

# समाधानको उपाय

- भू-उपयोग नक्सा र वास्तविक साइटमा फरक परेको देखिन्छ, यसका लागि भू-उपयोग नक्सा अध्यावधि वा सर्पट नापीको पहल गर्नु पर्ने ।
- नक्शा पास नगरी बनेका सरकारी, सामुदायिक, सार्वजनिक भवनहरुलाइ अभिलेख गरि राजस्वको दायरामा ल्याउन सकिन्छ ।
- हालको भू-उपयोग नीतिलाई संसोधन गरि नक्सालाइ भरपर्दो र आधुनिक बर्गिकरण नक्सा बनाउनु पर्ने ।
- गैर कानुनी तरिकाले जग्गा विकाश प्लांनिङ्ग (PLOTTING) रोक्न सम्पूर्ण कडाई गर्नु पर्नेछ ।
- घर नक्सा इजाजत प्रमाण पत्रका लागि लाग्ने नक्सापास दस्तुर ONLINE तिर्न मिल्ने ब्यवस्था मिलाउनु पर्ने ।

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा स्वास्थ्य शाखाको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती स्वास्थ्य शाखाका प्रतिनिधी रेणुका प्र काफ्ले बाट भयो ।

**<u>प्रस्तुतिका विषयहरु</u>**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

**१. आधारभुत स्वास्थ्य सेवाको व्यवस्थापन  र संचालनः**

- आधारभुत स्वास्थ्य सेवा केन्द्रहरू, स्वास्थ्य चौकीहरू, र अन्य स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र संचालन गर्ने ।
- खोप,पोषण,सुरक्षित मातृत्व तथा नवशिशु कार्यक्रम, परीवार योजना सेवा,क्षयरोग तथा कुष्ठरोग नियंत्रण,किसोर किसोरी स्वास्थ्य कार्यक्रम,प्राथमिक उपचार सेवा व्यवस्थापन र संचालन गर्ने।
- नसर्ने र मानसिक रोगहरुको बारेमा जनचेतना अभिवृद्धि तथा स्कृनिङ गर्ने ।
- स्वास्थ्यकर्मीहरूको व्यवस्थापन, तालिम, गोष्ठी तथा अभिमुखीकरण संचालन गर्ने ।

**२. स्वास्थ्य शिक्षा र सचेतना  कार्यक्रमहरू  संचालनः**

- स्थानीय समुदायमा विभिन्न रोगहरूको रोकथाम, स्वास्थ्य सरसफाइ, पोषण, मातृ तथा बाल स्वास्थ्य,सर्ने/ नसर्ने र मानसिक रोगहरु सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।
- विद्यालयहरूमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

# शाखाको प्रमुख कार्यहरु

**३. महामारी रोग रोकथाम, नियंत्रण तथा स्वास्थ्य निगरानि:**

- महामारी, संक्रामक रोगहरू, तथा अन्य स्वास्थ्य जोखिमहरूको निगरानी र व्यवस्थापन गर्ने।
- महामारीका समयमा तत्काल प्रतिक्रिया र व्यवस्थापन गर्ने ।
- स्थानीय स्वास्थ्य आपतकालीन योजना तयार गर्ने र आवश्यक परामर्श र सहयोग प्रदान गर्ने।

**४. औषधि र उपकरणहरूको आपूर्ति**:

- स्थानीय स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, चिकित्सा उपकरण, र आपूर्तिको व्यवस्था गर्ने।

५. **स्वास्थ्य नीति र कार्यक्रमहरूको कार्यान्वयन**:

- स्थानीय, प्रादेशिक, र संघीय सरकारले बनाएको स्वास्थ्य नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने ।
- स्वास्थ्य क्षेत्रको बजेटको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने ।

# शाखाको प्रमुख कार्यहरु

**६. सफा पानी र सरसफाइ**:

- स्थानीय क्षेत्रहरूमा सुरक्षित खानेपानीको व्यवस्था र सरसफाइ व्यवस्थापनमा सहयोग गर्ने।
- दूषित पानीबाट हुने रोगहरूको रोकथाम र सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।

**७. स्वास्थ्य सम्बन्धी प्रतिवेदन / तथ्याङ्क संकलन तथा विश्लेशण र पृष्ठपोषण:**

- स्वास्थ्य सेवासँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने, र सम्बन्धित निकायहरूलाई प्रतिवेदन पेश गर्ने र माताहतका निकायहरुलाई पृष्ठपोषण दिने।

**८. दैनिक प्रशासनिक कार्य र अन्य:**

स्वास्थ्य शाखा बाट सम्पादन गरीने दैनिक प्रशासनिक कार्य, स्वास्थ्य समबन्धि विभिन्न सिफारीस, विपन्न नागरीक विमा कार्यक्रममा सहजिकरण, विपन्न औषधि उपचारमा सहायताका लागि सहजिकारण,स्थानिय स्वास्थ्य निति तथा कानुनहरु निर्माणमा सहजिकारण। आदी।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

**(क) संघीय कानून तथा नीति:**

**१. मौलिक हकको रुपमा स्वास्थ्य:**

- स्वास्थ्य सम्बन्धी हक संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तगत धारा ३५ मा उल्लेख गरिएको छ।
- उपधारा (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।
- उपधारा (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ।
- उपधारा(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ।
- उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

**२. संविधानको धारा ५१ मा उल्लेख गरिए अनुसार**

- नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहँच सुनिश्चित गरिने,
- नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने,

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

**संविधानको धारा ५१ मा उल्लेख**

- स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने,
- नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने
- नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने भनिएको छ।

**५. संविधानको अनुसुचि ५ देखी अनुसुचि ९ सम्म संघ, प्रदेश र स्थानिय तहको अधिकार सुचि उल्लेख भएको।**

**६. दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals - SDGs) मा स्वास्थ्य:**

लक्ष्य नं. ३ :राम्रो स्वास्थ्य र समृद्ध जिवनस्तर (Good Health and Well-being)
लक्ष्य नं. ६ : सफा पानी र सरसफाइ (Clean Water and Sanitation)

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

**(ख)प्रदेश कानून तथा नीति**

- महिलाहरुमा हुने विभिन्न किसिमका क्यान्सर रोगको स्कृनिङ तथा नि:सन्तान दम्पतिका लागि उपचार सेवा।
- नसर्ने र मानसिक रोगहरुको रोकथाम एवम स्वास्थ्य प्रर्वरधन र आयुर्वेद तथा बैकल्पिक चिकित्सा तथा नागरीक आरोग्य केन्द्र संचालन तथा विस्तार।
- गर्भवति तथा सुत्केरी महिलाहरुको निशुल्क स्वास्थ्य परीक्षण (भर्ना देखी घर सम्म सम्पुर्ण निशुल्क)
- बृद्धबृदा तथा असहाय कार्यक्रम
- बालबालिकाहरुको पोषण सुधार तथा पुर्णखोप सुनिष्चितता
- कोशी प्रदेश स्वास्थ्य घुम्ति शिविर संचालन
- जनस्वास्थ्य प्रयोगशाला बाट क्यान्सर,एचआईभि, हेमफिलिया, सिकलसेल एनिमिया लागायतका रोगहरु र विभिन्न लक्षित समुह हरुलाई प्रयोगशाला परीक्षणमा ९०% सम्म छुट गर्ने।
- क्षयरोग कुष्ठरोग तथा मलेरीया र कालाजार रोग निवारणलाई तिव्रता तथा प्रयोगशाला केन्द्रहरु विस्तार
- विशेषज्ञबाट दुर्गम क्षेत्रहरुमा उपचार सेवा प्रदान गर्ने
- अस्पताल बाट निस्कने फोहोर मैलाहरुको प्रभावकारी व्यवस्थापन आदी।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

**(ग) स्थानीय कानूनहरु**

- स्वास्थ्य तथा सरसफाई ऐन २०७५
- क्यान्सर,मृगौला,मुटुरोग तथा स्पाईनल ईन्जुरीका विरामीहरुलाई यातायात खर्च प्रदान गर्ने निर्देशिका २०७५
- उपचार सहायता कार्यविधि २०७९
- विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि २०७९
- एम्वुलेन्स सेवा संचालन निर्देशिका २०७९
- सववहान सेवा संचालन निर्देशिका २०७९
- स्वास्थ्य संस्था संचालन मापदण्ड सम्वन्धि कार्यविधि २०८०

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

**(ग) स्थानीय नीति तथा कार्यक्रमहरु**

- सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गरीने ।
- स्वास्थ्य संस्थाहरुमा क्रमशः निःशुल्क आधारभुत प्रयोगशाला(ल्याब) सेवा विस्तार गर्दै लगीने ।
- स्वास्थ्य संस्थाहरुमा औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिने ।
- अति विपन्न तथा गरीव नागरिकहरुलाई उपचार सहायता प्रदान गरीने ।
- पुर्णखोप दिगोपनाको कायम राखिने ।
- स्वास्थ्य संस्थाहरुले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पुर्णरुपमा लगीने तथा सेवाको गुणस्तरलाई सुधार गर्न न्यनतम सेवा मापदण्ड लाई कार्यान्वयन गरीने ।
- निजि अस्पताल,पोलिक्लिनिक,क्लिनिक तथा सहकारी अस्पतालहरुको सेवालाई व्यवस्थित गराउन समन्वय तथा सहयोग गर्ने ।
- नवशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइने किसिमका कृयाकलापहरु संचालन गरिने ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालिलाई विकास र विस्तार गरिने ।
- नसर्ने रोगहरु रोकथामका कृयाकलापहरु संचालन गरीने ।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

**(ग) स्थानीय नीति तथा कार्यक्रमहरु**

आधारभुत स्वास्थ्य सेवा तथा महामारी नियंत्रंणका लागी आवश्यक पर्ने औषधि तथा उपकरणको प्रयाप्त व्यवस्था गरीने।

- गुणस्तरीय सेवा तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीका विभिन्न कृयाकलापहरु संचालन गरीने।
- महिला तथा बालबालिका लगायत विभिन्न उमेर समुहको शुक्ष्म पोषण अवस्था सुधारका साथै बालबालिकाहरुको नियमित पोषण अवस्थाको लेखाजोखा गरिने ।
- विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा गरिएको नि:सुल्क आबद्धता गरीने।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरीने ।
- माहामारी प्रकोप तथा  किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन
- नसर्ने रोगको प्रकोपको न्युनिकरणका लागि स्वास्थ्य प्रवर्दनात्मक सेवामा विशेष जोड दिइने।
- सववहान र एम्वुलेन्स सेवाको नियमित व्यवस्था मिलाईने ।
- स्वास्थ्य रहनु नागरिकको स्वयं जिम्मेवारी हो भन्ने तथ्य लाई स्वास्थ्य सचेतना मार्फत अभिवृद्धी गर्दे स्वास्थ्य जिवनशैलि प्रर्वद्धन गरिने।
- विधालय स्वास्थ्य कार्यक्रमलाई सुदृढीकरण गर्दे कार्यक्रम विकास तथा संचालन गरीने।

# संरचनागत व्यवस्था

| Description | Total | Remarks |
|---|---|---|
| Government Hospital(Provincial) | 1 | |
| Private  Hospitals | 3 | |
| Health Post | 1 | |
| Polyclinic(private) | 1 | |
| Basic Health Service Center | 8 | |
| Ambari clinic | 1 | |
| Dots Center | 9 | |
| EPI Clinic | 18 | |
| PHC/ORC | 4 | |
| FCHV | 21 | |
| Total staff working in health sector (HW and helper) | 34 (25+9) | |

# संरचनागत व्यवस्था

## स्थानीय समितिहरु

- स्वास्थ्य सेवा अनुगमन तथा व्यवस्थापन समिति
- विपन्न नागरीक उपचार सिफारीस समिति
- स्वास्थ्य विमा संयोजन समिति
- स्वास्थ्य चौकी/आयुर्वेद औषधालय संचालन तथा व्यवस्थापन समिति
- आधारभुत/शहरी स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन समिति
- महिला स्वास्थ्य स्वयंसेविका समिति
- स्वास्थ्य संस्था अनुगमन समिति
- एम्वुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति
- सव वहान सेवा व्यवस्थापन तथा संचालन समिति

# नगरपालिका बाट विनियोजित वजेट






# सशर्त अनुदान मार्फत प्राप्त वजेट






# जम्मा विनियोजित वजेट (ससर्त+नगरपालिका)






# कडारोगहरुको उपचार सिफारीस



# उपचार सहायता पाएका विपन्न नागरीकहरुको संख्या



# नि:शुल्क स्वास्थ्य विमा कार्यक्रममा आबद्धता गरीएको परीवार संख्या

| वडा न | जम्मा परिवार संख्या | नयाँ | नविकरण |
|---|---|---|---|
| वार्ड नं. १ | 191 | 25 | 166 |
| वार्ड नं. २ | 222 | 25 | 197 |
| वार्ड नं. ३ | 209 | 25 | 184 |
| वार्ड नं. ४ | 206 | 25 | 181 |
| वार्ड नं. ५ | 168 | 25 | 143 |
| वार्ड नं. ६ | 174 | 25 | 149 |
| वार्ड नं. ७ | 190 | 36 | 154 |
| वार्ड नं. ८ | 204 | 24 | 180 |
| वार्ड नं. ९ | 179 | 18 | 161 |
| **प्रगति** | **1743** | **228** | **1515** |

# नि:शुल्क ग्रामिण भिडीयो एक्सरे (RUSG) सेवा



# Reporting Status



## Children under one year immunized with DPT-HepB-Hib1



## Average number of visits among children aged 0-23 months registered for growth monitoring



# Percentage of pregnant women who had at least eight ANC visits as per protocol



# Family planning: Current user



# Tuberculosis programme



# Vector Borne-Dengue Fever Cases



# % of Opd Visit New



# Top Ten Disease of the Municipality

| SN | Top 10 Disease | % of the new OPD (2080/81) | Rank of 2079/80 |
|---|---|---|---|
| 1 | Gastritis (APD) | 8.2 | 4 |
| 2 | Hypertension | 6.0 | 1 |
| 3 | Conjunctivitis | 5.8 | 53 |
| 4 | Diabetes Mellitus (DM) Cases | 4.5 | 2 |
| 5 | Upper Respiratory Tract Infection (URTI) Cases | 4.5 | 6 |
| 6 | Backache(Muskuloskeletal Pain) | 4.4 | 5 |
| 7 | Fractures | 3.9 | 3 |
| 8 | ARI/Lower Respiratory Tract Infection (LRTI) Cases | 3.8 | 7 |
| 9 | Fungal Infection (Lichen Planus) Cases | 3.0 | 10 |
| 10 | Headache | 2.8 | 9 |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- full immunization declaration
- Free health insurance for poor families and disabled families through the **Poor Citizen Health Insurance Program** (1743 families )
- RUSG program conducted in all health institutions once a month.
- Expansion of DHIS 2 data entry and ELMIS with internet and laptop/computer facilities in all health institutions.
- EHMIS implemented in all health institutions.
- Free blood sugar testing services (by glucometer) from all health institutions and free distribution of diabetes and hypertensive medicines to senior citizens.
- Growth monitoring of children with modern weight machine set.

# प्रमुख समस्या तथा चुनौती तथा सामाधानका उपायहरु

| Programme | Key Issues | Recommendation |
| --- | --- | --- |
| **Recording & Reporting** | • Reporting on time. (69%)<br>• Lack of computer | • Reporting to dhis within 5th day of every month.<br>• Each health institution will provide at least 2(two) laptops/computers<br>• DHIS and HMIS training should be provided to new health workers and private health institutions. |
| **IMMUNIZATION PROGRAM** | • Low coverage of vaccination. ( DPT-HepB-Hib1= 78% & MR 2 = 82%)<br>• Target population | • Conduct awareness programme.<br>• Finding children who missed vaccination through teachers, public representatives, FCHV and community.<br>• Keeping records of births through FCHV.<br>• Regular monitoring and tracking of defaulters to reduce dropouts. |
| **NUTRITION PROGRAM** | • Low coverage of Average growth monitoring. (0-23 months= 5 times)<br>• Low coverage of Baal vita Distribution. (age 6-23 month 60 scahets = 48% & 180 scahets 5%) | • Conduct wareness programs about the importance of regular growth monitoring.<br>• Weighing of children at community level like mother group meeting, mass champaign etc<br>• Supply Chain Strengthening of Baal vita.<br>• Awareness: Highlight the importance of receiving the full course of Baal vita. |

# प्रमुख समस्या तथा चुनौती तथा सामाधानका उपायहरु

| Programme | Key Issues | Recommendation |
|---|---|---|
| **SAFE MOTHERHOOD PROGRAM** | • 8th ANC less coverage as per protocol. (4th 85% , 8th 33%)<br>• Low institutional delivery : (f/y 2079/2080 59%, 2080/2081 8%) but home delivery only 4 person)<br>• Low 4th PNC visit. (13%) | • Conduct community-based awareness programs on the importance of completing all ANC visits.<br>• Provide regular services from SBA & gyano-surgon (C/S service) for increase institutional deliveries.<br>• Increase awareness about the risks of home deliveries and promote institutional delivery as a safer option.<br>• Regular reports mandatory for institutional delivery of private health institutions to DHIS.<br>• Prioritize PNC home visit program for increase 4th pnc visit. |
| **FAMILY PLANNING PROGRAM** | • Low Contraceptive prevalence rate (unadjusted) among women of reproductive age. (4.7%)<br>• New users to be less (But gradually increasing f/y 079/78 = 608n, and 080/081=871n) | • Increase awareness about the benefits and availability of contraceptives.<br>• Expand the range of contraceptive options: 5 devices are mandatory in all health institutions<br>• Train healthcare providers in long-term contraceptive services.<br>• Regular reports mandatory of private health institutions to DHIS. |

# प्रमुख समस्या तथा चुनौती तथा सामाधानका उपायहरु

| Programme | Key Issues | Recommendation |
| --- | --- | --- |
| **Adolescent Sexual and Reproductive Health(ASRH) progeamme** | • Lack of trained health workers on ASRH in health facilities<br>• High prevalence of teenage pregnancy. (10% Reported)<br>• Low CPR and High unmeet need for family planning among adolesents.<br>• Lack of Information, Communication, and Counseling (ICC) materials | • Conduct training programs for health workers on adolescent sexual and reproductive health services.<br>• Increase awareness and education around contraception and safe sexual practices, especially in schools and community.<br>• Continuous supply of contraceptives to meet the needs of adolescents.<br>• Distribute ICC Materials.<br>• Discuss with Community and Stakeholders for reduce teenage marriage. |
| **Tuberculosis program** | • Low case findings. (notification of All TB=123)<br>• Low Tb treatment success rate ( 80%)<br>• TB contact tracing not doing on time. | • Implement active case-finding strategies like door-to-door screening in high-risk areas.<br>• Conduct timely TB contact tracing to all positive casses<br>• Immediate search of missing/defaulter patients.<br>• Sputum test of all suspected tuberculosis patients.<br>• Tracking the transfer out tuberculosis patients and to get outcome. |

# प्रमुख समस्या तथा चुनौती तथा सामाधानका उपायहरु

| Programme | Key Issues | Recommendation |
|---|---|---|
| **NCDs PROGRAM** | • Increasing burden of NCDs.<br>• Increased tobacco use, alcohol consumption, unhealthy diets, and physical inactivity are major contributors to the rising burden of NCDs.<br>• Lack of Screening and Early Detection. | • Awareness to the community on NCDs and their risk factors.<br>• Promote healthy lifestyle, including nutrition, physical activity, and tobacco and alcohol cessation.<br>• Conduct training of rular level health workers on NCDs.<br>• Conduct screening programs for early detection of NCDs.<br>• Expand health insurance programs to cover NCD-related care and reduce financial barriers to accessing treatment. |
| **MENTAL HEALTH PROGRAM** | • Increasing prevalence of Mental Health Issues.<br>• Limited Awareness and Stigma.<br>• Lack of Access to Services.<br>• Lack of Screening and Early Detection.<br>• Low Budget Allocation and Insufficient Integration into Primary Health Care. | • Increase Mental Health Awareness.<br>• Integrate Mental Health into Primary Health Care.<br>• Community health workers should be trained to identify, refer, and provide basic support for mental health conditions.<br>• Increase Budget Allocation for Mental Health. |

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा आयुर्वेद शाखाको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती आयुर्वेद शाखाका प्रतिनिधी मान वहादुर वनेमबाट भयो ।

**<u>प्रस्तुतिका विषयहरु</u>**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- बिरामी जाच –औषधालयमा सेवाका लागि आउने बिरामीहरुलाई दैनिक परिक्षण गरिन्छ
- पुर्बकर्म –यो आयुर्वेदको एक प्रकारको थेरापी हो । यसलाई पुर्वपञ्चकर्म पनि भनिन्छ। यो विशेष गरी बाथरोगीहरुलाई गरिन्छ । यो सेवा दैनिक रुपमा कार्यालयमा सञ्चालन भइरहेछ।
- आयुर्बेद औषधी बितरण –नेपाल सरकारले तोकेको २५ प्रकारको औषधीहरु आवश्यक्ताको आधारमा वितरण गरिन्छ ।
- प्रबर्धनात्मक कार्य –यो स्वास्थ्य प्रवर्धन कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकहरुको स्वास्थ्य प्रबर्धन गर्न रसायन औषधी प्रयोग गरिन्छ ।

# संरचनागत व्यवस्था

संरक्षक –श्री गंगाप्रसाद खरेल, नगर प्रमुख, उ.न.पा.

अध्यक्ष –श्री कुल ब कार्की,वडाध्यक्ष

उपाध्यक्ष –श्री रितुमान बस्नेत

सदस्य –श्री सुर्यमान सिरेङ

सदस्य –श्री चित्रकुमारी बस्नेत

सदस्य –श्री आनन्द फोम्बो

सदस्य सचिब –श्री मान बहादुर वनेम

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | पुर्बकर्म कार्यक्रम | १,००,००० | १००% | बर्षभरि |
| २ | स्तनपायी आमाहरुलाई दुग्धबर्धक औषधी बितरण | ५०,००० | १००% | बर्षभरी |
| ३ | ज्येष्ठ नागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रम | ५०,००० | १००% | बर्षभरी |
| ४ | आयुर्बेद औषधी खरिद | १३,००,००० | १००% | |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- १५० जनालाई पुर्बकर्म सेवा दिइएको ।
- ६० जना स्तनपायी आमाहरुलाई दुग्धबर्धक औषधी दिइएको ।
- १०५ ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रम मार्फत कार्यालयमा सेवा दिइएको ।
- OPD मार्फत ५२४५ जना बिरामीहरुलाई वर्षभरीमा सेवा दिइएको ।

# प्रमुख समस्या तथा चुनौती

- स्नेहन स्वेदन सेवाको लागि कर्मचारी अभाव

# समाधानको उपाय

- स्नेहन स्वेदन सेवाको लागि कर्मचारीलाई तालिम

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा कानुन तथा न्यायीक सचिबालयको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती उजुरी प्रशासक भगवती आचार्यबाट भयो ।

**प्रस्तुतिका विषयहरु**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- शाखामा आएका कानुनि समस्याहरुको पहिचान गर्ने ।
- नगरपालिकाको क्षेत्राधिकार अन्तरगतको उजुरी निवेदनहरु दर्तागरी पक्षलाई तारीखमा राख्ने ।
- नगरमा दर्ता भएका उजुरीहरुको क्षेत्राधिकार हेरी सम्बन्धित वडाको मेलमिलाप केन्द्रमा पठाउने।
- न्यायिक समितिमा दर्ता भएका उजुरीहरुको क्षेत्राधिकार हेरी दुवै पक्षलाई छलफलमा राखी सहमति मिलापत्र तथा उजुरीको क्षेत्राधिकार हेरी फैसला कार्यान्वयनकोलागि कार्यपालिका लैजाने ।
- न्यियक शाखा अन्तरगतका कार्क्रमहरु पेस संचालन र समिक्षा तथा यस शाखा अन्तरगतका सम्पुर्ण कार्यहरु गर्ने ।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

- न्यायिक समितिले उजुरीको कारवाही कीनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५
- नेपालको संविधान २०७२
- स्थानिय सरकार संचालन ऐन २०७४

# संरचनागत व्यवस्था

कानुन शाखा न्यायिक समिति अन्तरगतको संरचना

१) नगर न्यायिक समिति संयोजक- श्री मिना कुमारी खतिवडा ।

२) नगर न्यायिक समिति सदस्य –श्री रुद्र प्रसाद लामिछाने ।

३) नगर न्यायिक समिति सदस्य –श्री अमृता नेपाली ।

४) उजुरी प्रशासक –श्री भगवती आचार्य ।

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १ | मेलमिलाप कर्तालाई पुनर्ताजगि तालिम । | १०००००।–<br>एक लाख मात्र | १०० प्रतिशत | प्रमुख कृयाकलाप परिमाणात्मक रुपमा उल्लेख गर्ने । |
| २ | नयाँ मेलमिलाप कर्ता उत्पादन तालिम। | ४०००००।–<br>चार लाख मात्र | १०० प्रतिशत | |
| ३ | जनप्रतिनिधिहरुलाई कानूनि शिक्षा । | १५००००।–<br>एक लाख पचास हजार मात्र | १०० प्रतिशत | |
| ४ | नगर न्यायिक समितिको बैठक भत्ता प्रतिमहिना चार वटा बैठक | ३००००००।-<br>तिन लाख मात्र | १०० प्रतिशत | |
| ५ | द्वन्द व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम। | २५००००।–<br>दुई लाख पचास हजार मात्र | १०० प्रतिशत | |
| ६ | नगरपालिका अन्तरगतका ९ वटा मेलमिलाप समितिलाई व्यवस्थापन खर्च मासीक रु ६०००का दरले | ६४८००००।–<br>छ लाख अड्चालिस हजार मात्र | १०० प्रतिशत | |

# प्रमुख कार्यक्रम तथा उपलब्धी

- न्यायिक समितिमा यस आ व ०८०/०८१ मा दर्ता भएका विवादको संङख्या -४७
- अघिल्ले आ व बाट ०८०/०८१ मा मुद्दा बिवादको संख्या – ६
- आ व ०८०/०८१मा मेलमिलापबाट टुङ्गिएका विवादको संख्या – २५
- आ व ०८०/०८१मा फैसला प्रक्रियाबाट टुङ्गिएका विवादको संख्या – २
- तामेलिमा राखियका विवादको संख्या –१५
- प्रक्रियामा रहेका विवादको संख्या - ५

# सेवा प्रवाह सम्बन्धी विवरण

- न्यायिक समितिमा यस आ व ०८०/०८१ मा दर्ता भएका विवादको संङख्या -४७
- अघिल्ले आ व बाट ०८०/०८१ मा मुद्दा बिवादको संख्या – ६
- आ व ०८०/०८१मा मेलमिलापबाट टुङ्गिएका विवादको संख्या – २५
- आ व ०८०/०८१मा फैसला प्रक्रियाबाट टुङ्गिएका विवादको संख्या – २
- तामेलिमा राखियका विवादको संख्या – ८
- प्रक्रियामा रहेका विवादको संख्या – ५
- ९ वटै वडामा मेलमिलाप केन्द्रको व्यवस्था भएको
- प्रत्यक् वडामा मेलमिलाप केन्द्रको व्यवस्था रहेको र प्रत्यक मेलमिलाप केन्द्रमा ३ जना सुचिकृत मेनमिलाप कर्ताको ब्यवस्था भएको
- नगरपालिकामा जम्मा सुचिकृत मेलमिलाप कर्ताको संख्या ९६ जना

# प्रमुख समस्या तथा चुनौती

- कानुन शाखामा कानुन अधिकृत नभएको कारण कानुनि कार्य तथा फैसला कार्यान्वयनमा कठीनाई ।
- कर्मचारी जनप्रतिनिधि र मेलमिलापकर्तालाई आवस्यक तालिम नभएको कारण न्याय सम्पादनमा कठीनाई ।

# समाधानको उपाय

- कानुन शाखामा निरन्तर रुपमा काम गर्नेगरी कानुन अधिकर्तको ब्यवस्था हुनुपर्यो ।
- कर्मचारी जनप्रतिनिधि र मेलमिलापकर्तालाई आवस्यक तालिमको व्यवस्था हुनुपर्यो ।


# समाधानको उपाय

- कानुन शाखामा निरन्तर रुपमा काम गर्नेगरी कानुन अधिकर्तको ब्यवस्था हुनुपर्यो ।
- कर्मचारी जनप्रतिनिधि र मेलमिलापकर्तालाई आवस्यक तालिमको व्यवस्था हुनुपर्यो ।

यसपश्चात उर्लाबारी नगरपालिकाको गत आ.ब.मा कृषि शाखाको क्षेत्रमा भएका विवरण तथा क्रियाकलापहरुको बारेमा समिक्षात्मक प्रस्तुती कृषि शाखाका प्रतिनिधी सिरजना नेपालीबाट भयो ।

**<u>प्रस्तुतिका विषयहरु</u>**

- शाखाको प्रमुख कार्यहरु
- प्रमुख नीतिगत तथा कानूनि व्यवस्थाहरु
- संरचनागत व्यवस्था
- वार्षिक कार्यक्रमको प्रगती
- प्रमुख कार्य तथा उपलब्धीहरु
- प्रमुख समस्या तथा चुनौतिहरु
- समाधानका उपायहरु

# शाखाको प्रमुख कार्यहरु

- कृषि बिषय सम्बन्धित कार्यक्रममा आवश्यकता अनुसार समन्वयकारी भुमिका निर्वाह गर्ने।
- शाखागत कर्मचारीहरु संग समन्वयात्मक रुपमा कार्य संचालन।
- कृषि प्रविधीको प्रचार-प्रसार गरी कृषक स्तरमा पुर्याउने।
- शाखागत रुपमा विनियोजित भएका कृषि कार्यक्रमहरु लगायत वडास्तरका कृषि संग सम्बन्धित कार्यहरु संचालन गर्ने।
- प्रदेश तथा संघिय कृषि तर्फका कार्यक्रमहरु संचालन गर्ने साथै रिपोर्टिङ गर्ने ।
- किसान केन्द्रित छलफल (प्रविधी मैत्री खेतिप्रविधी,कृषक भेटघाट, बजारमुखी कृषि उत्पादन,कृषिमा यान्त्रिकिकरण,कृषि बाली विशेष रोग/किरा व्यवस्थापन विधी), स्थलगत अनुगमन आदि ।
- शाखागत कार्यक्रमको बार्षिक लेखा परिक्षणमा सहजिकरण गर्ने।

# प्रमुख नीतिगत तथा कानूनी व्यवस्थाहरु

- स्थानिय सरकार संचालन ऐन-२०७४
- कृषि ब्यवसाय प्रवर्द्धन ऐन – २०७६
- किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधी– २०७७
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना,परियोजना कार्यान्वयन म्यानुअल २०७७
- कृषि पशुपंछी तथा मत्स्य तथ्यांक सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७७
- बीउ बिजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८
- कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७६(प्रदेश)

# संरचनागत व्यवस्था

- आर्थिक विकास समिति
- कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधी -२०७९
- कृषि तथा पशुपंछी सेवा संचालन उप-समिति -२०७९
- वडा स्तरिय मुल कृषक समुह समिति – २०७९
- गाउँ टोल स्तरिय कृषक समुह गठन कार्यविधी-२०७६
- उत्क्रिष्ट कृषक पुरस्कार कार्यविधी २०७९

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं. | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १. | सयपत्री फुलखेती कार्यक्रम। | १,५०,०००। | ९७.०८ | • २ वटा कृषक समुह, सहकारी १ र ९ जना कृषकले फुलखेति गरेको।<br>• रु२,६३,०००।–रकमको फुल विक्री वितरण भएको। |
| २. | ५०% अनुदानमा तरकारीको बीउ सहयोग कार्यक्रम (५ कठ्ठा भन्दा माथिका जग्गामा) | ५,००,०००। | ९५.३२ | • तरकारी खेतिमा ब्यवसायिक क्षेत्रमा विस्तार (३६ बिगाहा जमिनमा तरकारी खेती) भएको।<br>• ब्यवसायिक ६ वटा कृषि फर्म, ७ वटा कृषक समुह र१९ जना ब्यक्तिगत कृषकले तरकारी खेती गरि ६८ जना कृषक प्रतक्ष रोजगारी श्रृजना भएको।<br>• जम्मा ३७४ टन तरकारी उत्पादन भइ बिक्रीभएको। |
| ३ | ७५%अनुदानमा मकै छोडाउने मेशिन वितरण | ५,००,०००। | ९४.५० | ३६ वटा मकै छोडाउने मेशिन वितरण गरियो जसबाट मकै छोडाउन लाग्ने लागतमा ९५%कमि आएको। |

# वार्षिक कार्यक्रमको प्रगति

| सि. नं | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| ४. | च्याउखेतिको लागि पराल बफाउने ड्रम ७५% अनुदानमा वितरण। | १,४०,०००। | ९१.०७ | • २ वटा पराल बफाउने ड्रम वितरण गरिएको(२ वटै ड्रम उर्लाबारी -२ मा वितरण भएको)<br>• ड्रम कृषकले प्राप्त गरेपछी बार्षिक प्रति कृषकको रु ९८२००। बचत भएको। |
| ५. | माटो परिक्षणको लागि सचेतना गोष्ठी (सबै वडामा) । | १,५०,०००। | ९९.८० | ९ वटा वडामा सबै कृषक समुह बाट एक एक जना प्रतिनिधि मुलक सहभागी गराएर ३१५ जना कृषक लाइ गोष्ठी कार्यक्रममा सहभागी गराई माटो नमुना संकलन विधिबारे जानकारी गराएको । |
| ६. | ७५% अनुदानमा मकै रोप्ने मेशिन वितरण। | ५,००,०००। | ९१.२० | • मकै रोप्ने मेशिन बाट मकै रोप्दा करिव ७०% लागत खर्च कम भएको।<br>• मकै रोप्ने मेशिन १५२ वटा खरिद गरिएकोमा १३९ वटा कृषक समुह ७ वटा कृषि फर्म र ६ जना ब्यक्तिगत कृषक लाइ वितरण गरिएको। |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| ७. | ५०% अनुदानमा प्लास्टिक मल्चिङ वितरण। | २,५०,०००।- | ८५.५९ | • ५ कठ्ठा भन्दा बढि जग्गामा तरकारी खेति गर्ने कृषक र खर्बुजा खेति गर्ने कृषकलाई जम्मा १०७ रोल वितरण।<br>• तरकारी खेति तथा खर्बुजा खेतिमा कृषकको ४०% लागतमा कमि भएको।<br>• कृषक समुह ६ वटा, कृषि सहकारी १ वटा, कृषि फर्म ९ ब्यक्तिगत २५ जना कृषक लाभान्वित भएको। |
| ८. | ७५% अनुदानमा ड्याङ बनाउने मेशिन वितरण। | ५,००,०००।- | ७६.५० | २ वटा तरकारी ब्यवसायिक रुपमा खेती गर्ने कृषकलाइ वितरण गरिएको। जसबाट कृषकको तरकारी खेतीको माटो तयारीमा लाग्ने खर्चमा ७०% कमी आएको। |
| ९. | माटो परिक्षणको लागि रिएजेन्ट खरिद | ८,००,०००।- | ९१.३७ | माटो परिक्षणको लागि रिएजेन्ट खरिद गरिएको साथै कृषि विकास शाखा, वडा नं १, वडा नं २ र वडा नं ९ मा माटो परिक्षण गर्ने कार्य संचालनमा रहेको। हाल सम्म यस आ.व. मा ७०७ वटा माटोको नमुना परिक्षण भएको। ३ वटा फर्म ५ वटा समुह र १८० जना किसानले कृषिचुना आफ्नो खेतमा प्रयोग गरेको। |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १० | जिराखेती प्रविधी प्रदर्शन। | ३०,०००। | ९९.९० | • २० घर परिवारले जिराको बीउ रोपिएको।<br>• जिरा उत्पादनमा सन्तोष जनक नतिजा नआएको। |
| ११ | ७५% प्रतिशत अनुदानमा कृषिचुन वितरण कार्यक्रम। | २०,००,०००। | ८२.३३ | माटो परिक्षण पश्चात रिपोर्टको आधारमा कृषि चुन किसानको मागको आधारमा उपलब्ध गराउने गरिएको। जम्मा यस आ.व.मा २९० टन कृषि चुना वितरण गरिएको। |
| १२ | कृषि सामाग्री तौल गर्नको लागि डिजिटल तराजु, ग्राफ्टिङ नाइफ, पि.एच पिटर खरिद। | ५०,०००। | ८९.२४ | कृषिजन्य सामाग्रि तौल गर्नको लागि सहज भएको, सिजन अनुसार बिरुवा ग्राफ्टिङ गर्न कृषि प्राविधिक लाइ वडा वडामा ग्राफ्टिङ नाइफ उपलब्ध गराइएको। |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १३ | फेरोमेन ट्र्याप ५०% अनुदानमा वितरण। | ३,००,०००। | ९०.६६ | लहरे तरकारी बाली तथा फलफुलको औसा किराको क्षति कम गर्न, किटनाषक बिषादी को प्रयोगमा कमि ल्याउनको लागि फेरोमेन ट्र्याप प्रयोग गरिएको । यसको प्रयोगले उत्पादनमा ५०% बृद्धिहुन सहयोग पुगेको । |
| १४ | आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम। | ५,००,०००। | ७८.३३ | मकैबालीमा लाग्ने फौजीकिरा न्यूनिकरण गर्नको लागि ३९ वटा कृषक समुह, १०८८ जना किसान, १ वटा कृषि सहकारीले बिषादी प्राप्त गरेको। जसबाट मकैबालीमा महामारीको रुपमा लाग्ने फौजिकिरा न्यूनिकरणमा सहयोग भएको। |
| १५ | ७५% अनुदानमा बगरखेती विकास कार्यक्रम । | ५,००,०००। | ८८.६९ | सागर किंङ जातको खर्बुजा ४ वटा कृषक समुह, ४ वटा कृषि फर्म, ३९ जना कृषक र १ वटा कृषि सहकारी ले खेती गरिरहेको।१३,६९,०००।–मुल्यको फल बिक्रि भएको। |

# वार्षिक कार्यक्रमको प्रगति

| सि.नं | कार्यक्रमको नाम | बजेट | वित्तीय प्रगति (%) | भौतिक प्रगति |
|---|---|---|---|---|
| १६ | बिषादी प्रयोगमा सचेतना गोष्ठी संचालन (सबै वडामा) | १,५०,०००। | ९९.९९ | ९ वटा गोष्ठीमा ३८३ जना किसानको सहभागिता भएको।कृषिजन्य बालीमा बिषादी प्रयोगमा सावधानी र प्रयोग विधि बारे गोष्ठी संचालन भएको। |
| १७ | सामुदायिक बनको खाली जग्गामा ५०% अनुदानमा अदुवा/बेसार जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम संचालन। | ३,५०,०००। | ६७.९८ | • ३ वटा सामुदायिक बन ९ जना ब्यक्तिगत कृषकहरुले खेती गरेको।नतिजा आउन बाकी |
